
# व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोग र प्रभावकारिता

# अध्ययन प्रतिवेदन













नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८० असार

# प्राक्कथन

कोभिड-१९ को माहामारीका कारण अर्थतन्त्रमा परेको प्रतिकूल असर कम गर्ने कार्यमा संघीय, प्रदेश तथा स्थानीय सरकारको भूमिका महत्वपूर्ण रह्यो । यसै सन्दर्भमा गण्डकी प्रदेश सरकारले कोभिडका कारण अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्न पर्यटन, यातायात, कृषि तथा सेवा क्षेत्रका उद्यम तथा व्यवसायको पुनरुत्थान गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कर्जा कोष कार्यक्रम सञ्चालनमा ल्याएको छ र उक्त कार्यक्रम कार्यान्वयन गर्न व्यवसाय जीवन रक्षा कर्जा कोष (सञ्चालन) कार्यविधि, २०७७ तर्जुमा गरिएको छ ।

कार्यविधिले कोभिड-१९ बाट प्रभावित कृषि उद्यम, उत्पादनमूलक उद्योग तथा पर्यटन लगायतका सेवामूलक व्यवसायलाई जोगाउन, टिकाउन र सुचारु गर्न उद्यमी तथा व्यवसायीलाई निर्व्याजी कर्जा उपलब्ध गराउने व्यवस्था गरेको छ । अघिल्लो त्रयमासको औसत आधार दरमा अधिकतम ३ प्रतिशत प्रिमियम थप गरी व्याजदर कायम गर्ने गरी गण्डकी प्रदेशमा कार्यक्षेत्र भएका २० बैंक तथा वित्तीय संस्थाले १,६३८ उद्यमी/व्यवसायीलाई कुल १ अर्ब ८१ करोड रुपैयाँ कर्जा लगानी गरेका छन् । त्यस्तो कर्जाको व्याज गण्डकी प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंकमार्फत शोधभर्ना उपलब्ध गराउने र ऋणीहरुले कर्जाको साँवामात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।

प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता र प्रभावकारिताको विश्लेषण गर्नु रहेको छ । प्रतिवेदन गण्डकी प्रदेशका ५ जिल्लाका व्यवसाय जीवन रक्षा कर्जा उपभोग गरेका र नगरेका गरी ३२० उद्यमी/व्यवसायी तथा जीवन रक्षा कर्जा प्रवाह गरेका २० बैंक तथा वित्तीय संस्थाहरुबाट संकलित प्रश्नावलीको विश्लेषणका आधारमा तयार गरिएको छ । यस्तो विश्लेषणबाट व्यवसाय जीवन रक्षा कर्जा कोभिड-१९ बाट प्रभावित उद्यमी/व्यवसायीहरुलाई निकै उपयोगी भएको र कर्जा सदुपयोग समेत भएको देखिएको छ । सर्वेक्षणमा संलग्न व्यवसाय जीवन रक्षा कर्जा लिने ऋणी र कर्जा नलिने व्यवसायीको बन्दाबन्दी अगाडि, बन्दाबन्दीको समयमा र सो पछिको अवस्थामा भएको मासिक कारोबार रकमको विश्लेषण गर्दा कर्जा लिने व्यवसायीहरु कम समयमा बन्दाबन्दी अगाडिको कारोबारको अवस्थामा पुगेको देखिएको छ । यस अर्थमा हेर्दा यो कर्जा कार्यक्रम प्रभावकारी भएको देखिन्छ । तर, सर्वेक्षणमा समावेश करिब ७३ प्रतिशत व्यवसाय जीवन रक्षा उपभोग गर्ने ऋणीले यदि यस्तो कर्जा नपाएको भएपनि व्यवसायलाई निरन्तरता दिन सक्ने बताएका छन् । यसरी अन्य स्रोतबाट समेत व्यवसायलाई निरन्तरता दिन सक्ने उद्यमी/व्यवसायीभन्दा अन्य स्रोत जुटाउन नसक्ने वास्तविक पिडितमा कार्यक्रम लक्षित हुनुपर्नेमा यो कार्यक्रम वास्तविक पिडित तथा लक्षित वर्गसम्म पुग्न नसकेको पनि देखिन्छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन सरकारी, निजी क्षेत्रका अतिरिक्त अध्ययन अनुसन्धान गर्ने व्यक्ति लगायत अन्य सबै सरोकालवालाहरुलाई समेत उपयोगी हुने विश्वास लिएकी छु । अन्त्यमा, अध्ययन कार्य सम्पन्न गर्न आवश्यक तथ्यांङ्क, विवरण र सुझाव उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने गण्डकी प्रदेशका बैंक तथा वित्तीय संस्था तथा उद्यमी/व्यवसायी प्रति आभार व्यक्त गर्न चाहन्छु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण योगदान गर्नुहुने यस कार्यालयका उप-निर्देशकद्वय श्री नविना ढकाल र राम कुमार कार्की तथा यस कार्यमा संलग्न हुनुहुने सहायक निर्देशकत्रय श्री ज्ञाज शर्मा, श्री ओम प्रकाश पोखेल र श्री विजया गौतम, प्रधान सहायकत्रय श्री तारा पोखरेल शर्मा, सुनिल भुजेल र श्री याम बहादुर रानाभाट, सहायकद्वय श्री सूर्यप्रसाद पौडेल र नविन भण्डारीलाई धन्यवाद दिन चाहन्छु । साथै, नेपाल राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभाग (आर्थिक विकास महाशाखा) बाट प्राप्त सुझाव र मार्गनिर्देशनका लागि हार्दिक आभार प्रकट गर्दछु ।

*आर्या जोशी*

*निर्देशक*

# विषयसूची


**कार्यकारी सारांश** अ

**परिच्छेद १: अध्ययन परिचय** १

१.१ पृष्ठभूमी १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको औचित्य र महत्व १

१.४ अध्ययन विधि २

१.५ अध्ययनका सीमाहरु ४

१.६ प्रतिवेदनको ढाँचा ४

**परिच्छेद २: अध्ययन समीक्षा** ५

२.१ राष्ट्रिय रुपमा भएका अनुदान तथा कर्जा कार्यक्रम ५

२.२ अन्तर्राष्ट्रिय रुपमा भएका अनुदान तथा कर्जा कार्यक्रम ८

२.३ अन्य अध्ययन समीक्षा ९

**परिच्छेद ३: व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम** ११

३.१ कर्जाको पृष्ठभूमी ११

३.२ व्यवसाय जीवन रक्षा कर्जा व्यवस्था र सीमा ११

३.३ कर्जा विवरण १३

**परिच्छेद ४: स्थलगत सर्वेक्षणमा समावेश उद्यमी/व्यवसायीको विवरण** १६

४.१ लैङ्गिक विवरण १६

४.२ शैक्षिक योग्यता १७

४.३ व्यवसायको विवरण १७

४.४ व्यवसाय स्थापना अवधि १८

४.५ अन्य सहुलियतपूर्ण कर्जा उपभोगको अवस्था १८

४.६ कर्जाको समयावधिको जानकारी १९

४.७ साँवा भुक्तानीमा नियमितताको स्थिति १९

४.८ अन्य विवरण १९

**परिच्छेद ५: कर्जाको सदुपयोगिता र प्रभावकारिता** २०

५.१ व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिताको विश्लेषण २०

क) व्यवसाय जीवन रक्षा कार्यक्रमको आवश्यकता २०

ख) कर्जाको उपयोगिता २०

ग) कर्जाको प्रयोजन २१

घ) कर्जाको सदुपयोगिता २२

५.२. व्यवसाय जीवन रक्षा कर्जाको प्रभावकारिताको विश्लेषण २३

क) मासिक कारोबारको अवस्था २३

ख) लक्षित वर्गको पहिचान २३

ग) कर्जा नपाएको अवस्थामा व्यवसाय निरन्तरता २४

घ) व्यवसायको निरन्तरताको स्रोत २४

ङ) बन्दाबन्दीमा व्यवसाय सञ्चालनको अवस्था २६

च) बन्दाबन्दीमा व्यवसाय सञ्चालन खर्चको अवस्था २६

छ) कर्जा कार्यक्रमको जानकारीको अवस्था २७

**परिच्छेद ६: निष्कर्ष तथा सुझाव** २८

६.१. निष्कर्ष २८

६.२. सुझाव २८

## तालिका विवरण


तालिका : १.१ नमुना विवरण ३
तालिका : २.१ प्रदेशगत कोभिड लक्षित कार्यक्रम ६
तालिका : ३.१ क्षेत्रगत कर्जा सीमा १२
तालिका : ३.२ व्याज अनुदानमा प्रवाह हुने क्षेत्रगत कर्जा १२
तालिका : ३.३ आ.व. २०७९/८० को तेस्रो त्रयमाससम्मको क्षेत्रगत कर्जा प्रवाह १३
तालिका : ४.१ लैङ्गिक विवरण १६
तालिका : ४.२ शैक्षिक योग्यता १७
तालिका : ४.३ व्यवसाय स्थापना र कर्जा उपभोग सम्बन्धी विवरण १८
तालिका: ४.४ अन्य सहुलियतपूर्ण कर्जाको उपयोग १८
तालिका : ४.५ कर्जाको समयावधिको जानकारी १९
तालिका : ४.६ बैंक/वित्तीय संस्थामा बुझाउनुपर्ने किस्ताको नियमितता १९
तालिका : ४.७ व्यवसाय जीवन रक्षा कर्जा प्राप्तीको विवरण १९
तालिका : ५.१ कर्जाको प्रयोजन २१
तालिका : ५.२ कर्जा सदुपयोगिताको निरीक्षण २२
तालिका : ५.३ मासिक कारोबारको अवस्था २३
तालिका : ५.४ बन्दाबन्दीमा व्यवसाय सञ्चालन खर्च जुटाउन भएको कठिनाई २६
तालिका : ५.५ जनस्तरमा व्यवसाय जीवन रक्षा कर्जाको बारेमा जानकारी २७


## चार्ट विवरण


चार्ट : ३.१ क्षेत्रगत कर्जा बक्यौता (प्रतिशतमा) १४
चार्ट : ३.२ जिल्लागत रुपमा कर्जा लगानी रकम (प्रतिशतमा) १४
चार्ट : ४.१ व्यवसायको विवरण १७
चार्ट : ५.१ व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रमको आवश्यकता २०
चार्ट : ५.२ व्यवसाय निरन्तरताको लागि कर्जाको उपयोगिता (प्रतिशतमा) २१
चार्ट : ५.३ कर्जाको सदुपयोगिता २२
चार्ट : ५.४ वास्तविक कोभिड प्रभावित ऋणीको विवरण २४
चार्ट : ५.५ व्यवसायको निरन्तरताको सम्भावना २४
चार्ट : ५.६ व्यवसायको निरन्तरताको स्रोत २५
चार्ट : ५.७ व्यवसाय सञ्चालन खर्च जुटाउन प्रयोग भएको स्रोत २६

# कार्यकारी सारांश

१. विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम, २०७७ कार्यान्वयनमा ल्याएको छ । उक्त कर्जा कार्यक्रम कार्यान्वयन गर्न व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ तयार गरिएको छ ।

२. व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिम यस कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्थाहरुमार्फत सम्बन्धित क्षेत्रका व्यवसायीहरुलाई निर्ब्याजी रु.५० हजारदेखि रु.१५ लाखसम्म कर्जा प्रवाह गर्ने व्यवस्था रहेको छ । कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले प्रवाहित कर्जाहरुमा अघिल्लो त्रयमासको औसत आधार दरमा अधिकतम ३ प्रतिशत प्रिमियम थप गरी ब्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको छ भने उक्त ब्याजको शोधभर्ना प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंक मार्फत् उपलब्ध गराउने व्यवस्था रहेको छ ।

३. २०७९ चैत मसान्तसम्ममा कुल रु.१ अर्ब ८१ करोड व्यवसाय जीवन रक्षा कर्जा प्रवाह भएकोमा रु.९० करोड ६६ लाख बक्यौता रहेको छ । कर्जाको सबैभन्दा बढी अंश (४५.२८ प्रतिशत) साना पर्यटन व्यवसायतर्फ गएको देखिन्छ भने सबैभन्दा कम कर्जा (५.१२ प्रतिशत) साना यातायात व्यवसाय क्षेत्रतर्फ रहेको छ ।

४. कुल कर्जा लगानी रकमका आधारमा हेर्दा कास्की जिल्लामा सबैभन्दा बढी अर्थात ४४.५० प्रतिशत र तनहुँमा १०.७८ प्रतिशत लगानी रहेको छ भने अन्य जिल्लाहरुमा १० प्रतिशत भन्दा कम लगानी रहेको देखिन्छ ।

५. व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता तथा प्रभावकारिताको अध्ययन गर्न गरिएको सर्वेक्षणमा संलग्न ३२० व्यवसायीमध्ये ७३.७५ प्रतिशत पुरुष र २६.२५ प्रतिशत महिला उद्यमी/व्यवसायी रहेका छन् । सहभागी उद्यमीहरुमध्ये करिब २८ प्रतिशतले स्नातक वा सो भन्दा बढी शैक्षिक योग्यता हासिल गरेका छन् ।

६. सर्वेक्षणमा संलग्न व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने व्यवसायीमध्ये ३१.२५ प्रतिशत ऋणीहरुले वर्कसप, ब्युटीपार्लर/हेयर कटिङ्ग, छापाखाना, सिलाई बुनाई लगायतका सेवामुलक व्यवसाय सञ्चालन गरेको पाइएको छ । त्यस्तै, २६.२५ प्रतिशतले होटल व्यवसाय, १८.१३ प्रतिशत व्यवसायीले पर्यटक सम्बद्ध अन्य व्यवसाय, १५.६३ प्रतिशतले कृषि तथा पशुपालन व्यवसाय, ६.८८ प्रतिशतले यातायात व्यवसाय र १.८८ प्रतिशतले किराना वस्तु खरिद/बिक्री व्यवसाय गरिरहेको पाइएको छ ।

७. सर्वेक्षणमा संलग्न ऋणी व्यवसायीमध्ये करिब ९२ प्रतिशतले जीवन रक्षा कर्जा निकै उपयोगी भएको, ७.५ प्रतिशत ऋणीले सामान्य उपयोगी भएको र ०.६३ प्रतिशत अर्थात् १ जना व्यवसायीले निर्व्याजी भएको कारणले मात्र कर्जा लिएको प्रतिक्रिया व्यक्त गरेका छन् ।

८. सर्वेक्षणमा संलग्न व्यवसाय जीवन रक्षा कर्जा लिने उद्यमीमध्ये जम्मा ५ प्रतिशतले यो कर्जा आवश्यक नभएको बताएका छन् भने बाँकी ९५ प्रतिशतले आवश्यक भएको जवाफ दिएका छन् ।

९. सर्वेक्षणमा संलग्न उद्यमी/व्यवसायी मध्ये २३.२८ प्रतिशत व्यवसायीले नयाँ स्टक थप्ने कार्यमा कर्जाको उपभोग गरेका छन् भने १८.८७ प्रतिशतले मर्मत सम्भार खर्च व्यहोर्न, १४.२२ प्रतिशतले कर्मचारीको तलब भुक्तानी गर्न, १३.९७ प्रतिशतले घर भाडा तिर्न र ११.२७ प्रतिशत नयाँ पूँजीगत संरचना निर्माण गर्न खर्च गरेको देखिएको छ ।

१०. व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गरेका बैंकबाट भरिएको प्रश्नावली अनुसार ९० प्रतिशत कर्जा वास्तविक कोभिड प्रभावित उद्यमी/व्यवसायीहरुलाई प्रवाह भएको छ भने १० प्रतिशत ऋण अन्य व्यवसायीहरुलाई प्रवाह भएको देखिन्छ ।

११. व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाबाट प्राप्त तथ्याङ्क अनुसार ९५ प्रतिशत ऋणीहरुले कर्जाको सदुपयोग गरेका देखिएको छ भने ५ प्रतिशत ऋणीले कर्जा सदुपयोग नगरेको देखिएको छ । कर्जा सदुपयोग नगर्ने ऋणीहरुले तयारी पोशाक, गाडीका पार्ट पुर्जा तथा कस्मेटिक्स सामान आयात गरी बिक्री वितरण गर्ने कार्यमा कर्जा रकम प्रयोग गरेको देखिएको छ ।

१२. व्यवसाय जीवन रक्षा कर्जा प्रवाह उपभोग गर्ने ऋणीहरुका अनुसार ९९ प्रतिशत ऋणीहरुको कर्जा उपयोगिताको निरीक्षण भएको छ भने १ प्रतिशत ऋणीहरुको उपयोगिताको निरीक्षण भएको छैन । व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने ९५ प्रतिशत बैंक वित्तीय संस्थाले कर्जाको सदुपयोगको निरीक्षण गर्ने गरेका छन् भने ५ प्रतिशतले कर्जाको सदुपयोगको निरीक्षण नगरेको देखिन्छ ।

१३. सर्वेक्षणमा संलग्न व्यवसाय जीवन रक्षा कर्जा लिने ऋणी र कर्जा नलिने व्यवसायीको बन्दाबन्दी अगाडि, बन्दाबन्दीको समयमा र सो पछिको अवस्थामा भएको मासिक कारोबार रकमको विश्लेषण गर्दा कर्जा लिने व्यवसायीहरुको बन्दाबन्दीको समयमा १५ प्रतिशत मात्र कारोबार भएको देखिन्छ भने सामान्य अवस्था भएपछि बन्दाबन्दी अगाडिको तुलनामा ८३ प्रतिशत कारोबार भएको देखिएको छ । कर्जा नलिने व्यवसायीको हकमा बन्दाबन्दीको समयमा ४ प्रतिशत मात्र कारोबार भएको देखिन्छ भने सामान्य अवस्था भएपछि बन्दाबन्दी अगाडिको तुलनामा ५५ प्रतिशत कारोबार भएको देखिएको छ ।

१४. सर्वेक्षणमा समावेश करिब ७३ प्रतिशत व्यवसाय जीवन रक्षा उपभोग गर्ने ऋणीले यदि यस्तो कर्जा नपाएको भएपनि व्यवसायलाई निरन्तरता दिन सक्ने बताएका छन् । यसरी अन्य स्रोतबाट समेत व्यवसायलाई निरन्तरता दिन सक्ने उद्यमी/व्यवसायी भन्दा अन्य स्रोत जुटाउन नसक्ने वास्तविक पिडितमा कार्यक्रम लक्षित हुनुपर्नेमा यो कार्यक्रम वास्तविक पिडित तथा लक्षित वर्गसम्म पुग्न नसकेको पनि देखिन्छ ।

१५. सर्वेक्षणमा संलग्न कर्जा उपभोग नगर्ने ७५ प्रतिशत व्यवसाय बन्दाबन्दीको समयमा पूर्ण बन्द भएको देखिएको छ ।

१६. सर्वेक्षणमा समावेश जीवन रक्षा कर्जा उपभोग नगरेका १६० उद्यमी/व्यवसायीमध्ये करिब ८७ प्रतिशत व्यवसायीले बन्दाबन्दीमा व्यवसाय सञ्चालन खर्च जुटाउन धेरै सकस भएको बताएका छन् भने ९ प्रतिशतले सामान्य मात्रै गाह्रो भएको तथा बाँकी ४ प्रतिशतले खासै असर नपरेको बताएका छन् ।

१७. व्यवसाय जीवन रक्षा कर्जा नपाएको अवस्थामा अन्य कर्जा सापटी लिएर वा आफन्त साथीभाइबाट सापटी लिएर व्यवसायलाई निरन्तरता दिने उद्यमी/व्यवसायीको संख्या अधिक देखिएको छ ।

१८. व्यवसाय जीवन रक्षा कर्जा उपभोग नगर्ने उद्यमी/व्यवसायीहरुमध्ये ६४.३८ प्रतिशत उद्यमी/व्यवसायीलाई यस कर्जाको बारेमा जानकारी नभएको देखिएको छ भने ३५.६३ प्रतिशतलाई जानकारी भएको देखिएको छ । जानकारी भएकामध्ये जम्मा ६.२५ प्रतिशतले मात्र त्यस्तो कर्जाका लागि निवेदन दिएका थिए । जानकारी भएर पनि कर्जाका लागि आवेदन नदिनुमा कर्जा प्रवाहमा झन्झटिलो प्रक्रिया, अरुले कर्जा नपाएको देख्दा आफूले पनि पाउँदिन कि भन्ने मानसिकता, धितोको अभाव, अन्य सहुलियतपूर्ण कर्जा लिइसकेका जस्ता कारण रहेका छन् ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमी

शताब्दीकै सबैभन्दा ठूलो महामारीका रुपमा देखापरेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण विश्वले ठूलो मानवीय र आर्थिक सङ्कटको सामना गर्नुपऱ्यो । यसबाट पर्यटन, कृषि, उद्योग, यातायात, निर्माण, सेवा लगायत अर्थतन्त्रका धेरैजसो क्षेत्र प्रभावित बने । भाइरसको असर न्यूनीकरणका लागि गरिएको बन्दाबन्दीले धेरै उद्योग, कलकारखाना, होटल, निर्माण लगायतका क्षेत्रमा परेको प्रभावका कारण कतिपय व्यवसायी पलायन हुने स्थितिमा पुग्दा धेरैले रोजगारी गुमाउनु पर्ने अवस्थाको समेत सृजना भयो । महामारीका कारण अर्थतन्त्रको उत्पादन, वितरण देखि उपभोगसम्मका क्षेत्रमा प्रभाव पर्दा आर्थिक क्रियाकलापमा सुस्तता आई विश्व अर्थतन्त्र सन् २०२० मा ३.३ प्रतिशतले सङ्कुचित हुन पुग्यो भने केही वर्ष देखि उत्साहजनक रुपमा बढेको नेपालको कुल गार्हस्थ्य उत्पादन पनि आर्थिक वर्ष २०७६/७७ मा २.१२ प्रतिशतले ऋणात्मक बन्न पुग्यो ।

यस किसिमको प्रतिकूल परिस्थितिबाट पार पाउन राज्यका विभिन्न निकायद्वारा विभिन्न किसिमका अल्पकालीन तथा मध्यकालीन कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइए । जसमा कोभिड प्रभावित पेशा तथा उद्योग/व्यवसायको पुनरुत्थान गर्न संघीय सरकार तथा केन्द्रीय बैंकले पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जाको व्यवस्था गरेका छन् भने प्रदेश तथा स्थानीय तहबाट पनि विभिन्न किसिमका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइएका छन् । यस्ता कार्यक्रमहरुको माध्यमबाट कोभिड प्रभावित उद्योगी/व्यवसायीले उत्पादनका निमित्त अनुदान तथा थप ऋण पाउनुको साथै व्याजदरमा सहुलियत पनि पाएका छन् ।

गण्डकी प्रदेश सरकारले विश्वब्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम, २०७७ सञ्चालनमा ल्याएको छ । उक्त कर्जा कार्यक्रम कार्यान्वयन गर्न व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ तयार गरिएको छ । सो कार्यविधि बमोजिम व्यवसाय जीवन रक्षा कर्जा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत कार्यान्वयन गरिने हुँदा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागको स्वीकृती बमोजिम नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय र गण्डकी प्रदेश सरकारबीच मिति २०७७ माघ ६ मा सम्झौता भएको थियो । सो सम्झौता अनुसार, नेपाल राष्ट्र बैंकले कर्जा प्रवाहको लागि बैंक तथा वित्तीय संस्थाहरुसँग सम्झौता गर्ने, सम्झौता बमोजिम कर्जा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण गर्ने र बैंकहरुलाई त्रैमासिक रुपमा ब्याज अनुदान भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य गण्डकी प्रदेशमा प्रवाह भएको व्यवसाय जीवन रक्षा कर्जाको स्थिति, सदुपयोगिता र प्रभावकारिता विश्लेषण गर्नु रहेको छ । यसका अतिरिक्त अध्ययन देहायका उद्देश्यमा केन्द्रित रहेको छ :

(क) व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता र प्रभावकारिताको विश्लेषण गर्ने,

(ख) व्यवसाय जीवन रक्षा कर्जाको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक सुझाव प्रस्तुत गर्ने ।

## १.३ अध्ययनको औचित्य र महत्व

कोभिड १९ का कारण व्यवसाय तथा दैनिक जनजीवन ठप्प भएको अवस्थामा संघीय, प्रदेश तथा स्थानीय सरकारद्वारा विभिन्न किसिमका तत्कालिन तथा मध्यकालिन राहतका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईए । गण्डकी प्रदेश सरकारले पनि कोभिड १९ बाट प्रभावित साना तथा मझौला व्यवसायहरु जोगाउने, टिकाउने र सुचारु गर्ने उद्देश्यले पूर्ण रुपमा व्याज अनुदान दिने गरी व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । प्रदेश सरकारले महत्वका साथ अघि सारेको यस कर्जा कार्यक्रम प्रभावकारी भए/नभएको तथा कोभिड १९ बाट

प्रभावित साना व्यवसायीहरुलाई यस्तो कर्जा उपयोगी भए/नभएको सम्बन्धमा आवश्यक सुझाव पेश गर्न जरुरी देखिएको हुँदा उक्त कर्जा कार्यक्रमको सदुपयोग तथा प्रभावकारीताको विश्लेषण गर्न यो अध्ययन गरिएको छ।

साथै, व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधिमा तोकिएका भन्दा फरक क्षेत्रमा कर्जा प्रवाह भए/नभएको तथा तोकिएको भन्दा अन्य प्रयोजनमा कर्जा रकम खर्च हुने प्रवृत्ति रहे/नरहेको विषयमा तथ्यपरक विश्लेषण गर्न आवश्यक देखिएकोले यो अध्ययन गरिएको हो। बैंकिङ्ग क्षेत्रबाट प्रवाह हुने यस किसिमका कर्जालाई अझ सरल, प्रभावकारी एवम् पहुँचयोग्य बनाउन यस अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, नेपाल सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला सबैलाई उपयोगी हुने अपेक्षा गरिएको छ।

### १.४ अध्ययन विधि

प्रस्तुत अध्ययन व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रमको समग्र स्थितिको विश्लेषण र कार्यविधिमा भएको व्यवस्थाका सम्बन्धमा नेपाल राष्ट्र बैंकमा त्रैमासिक रुपमा प्राप्त विवरण र व्यवसाय जीवन रक्षा कार्यक्रमको सदुपयोग र प्रभावकारीताको लागि स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ। स्थलगत सर्वेक्षणमा व्यवसाय जीवन रक्षा कर्जा लिएका र कर्जा लिन योग्य तर विविध कारणवश कर्जा नलिएका साना उद्यमी/व्यवसायीहरुलाई बराबर संख्यामा समावेश गरिएको छ। त्यसैगरी ऋण प्रवाह गर्ने बैंक/वित्तीय संस्थाका अधिकृतहरुलाई पनि स्थलगत सर्वेक्षणमा समावेश गरिएको छ।

### १.४.१. जिल्ला तथा नमुना छनौट

गण्डकी प्रदेशका ११ जिल्लाहरुमा प्रवाह भएको व्यवसाय जीवन रक्षा कर्जाको संख्यात्मक र रकमगत संरचना अनुसार कर्जा संख्या धेरै भएका कास्की, तनहुँ र बाग्लुङ गरी ३ जिल्ला तथा कर्जा संख्या कम भएका गोरखा र मनाङ गरी जम्मा ५ जिल्लाहरु स्थलगत सर्वेक्षणमा समावेश गरिएको छ।

व्यवसाय जीवन रक्षा कर्जा सुविधा प्रयोग गरेका ऋणीहरुको कुल संख्याबाट देहाय बमोजिमको विधि अनुसार नमुना छनौट गरिएको छ।

आवश्यक नमुना संख्या $(n)=\frac{N}{1+N*e^2}$ .............(1)

where, N=Size of population= 1638, e=Error margin (7.5% for this purpose)

यस अध्ययनमा व्यवसाय जीवन रक्षा कर्जा लिएका कुल ऋणीको झण्डै १० प्रतिशत अर्थात १६० ऋणीहरु स्थलगत सर्वेक्षणमा समावेश गरिएको छ। ऋणको सदुपयोगिता र प्रभावकारीताको अध्ययन गर्न कोभिडका कारण व्यवसाय प्रभावित भएको र विविध कारणले कर्जा प्राप्त गर्न नसकेका व्यवसायीहरु समेत समावेश गर्न आवश्यक देखिएको तर गण्डकी प्रदेशमा त्यस्ता व्यवसायीहरुको संख्या यकिन हुन नसकेको हुँदा ऋण प्राप्त गरेको संख्याको बराबर ऋण प्राप्त नगर्ने व्यवसायीहरु समावेश गर्दा स्थलगत सर्वेक्षणमा कुल ३२० व्यवसायीहरु समेटिएका छन्।

**तालिका : १.१**
**नमुना विवरण**

| जिल्ला | कुल कर्जा संख्या | स्थलगत सर्वेक्षणमा समावेश | | |
|---|---|---|---|---|
| | | ऋणी उद्यमी/व्यवसायी संख्या | ऋण प्राप्त नगरेका उद्यमी/व्यवसायी संख्या | कुल उद्यमी/व्यवसायी संख्या |
| कास्की | ६९४ | ७० | ७० | १४० |
| तनहुँ | १८२ | ४० | ४० | ८० |
| बाग्लुङ | १२७ | ३० | ३० | ६० |
| गोरखा | ४६ | १० | १० | २० |
| मनाङ | ४४ | १० | १० | २० |
| जम्मा | १,०९३ | १६० | १६० | ३२० |

*स्रोतः स्थलगत सर्वेक्षण र नेपाल राष्ट्र बैंक पोखरा कार्यालय ।*

व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंकहरुबाट ऋणीहरुको पूर्ण विवरण माग गरी जिल्लाका सदरमुकाम र आसपासका क्षेत्रहरुमा रहेका ऋणी व्यवसायीहरुको पहिचान गरी स्थलगत सर्वेक्षण गरिएको छ । त्यसैगरी, व्यवसाय जीवन रक्षा कर्जा सुविधा प्रयोग नगर्ने व्यवसायीहरुको छनौट गर्दा व्यवसाय जीवन रक्षा कर्जाको लागि बैंकमा आवेदन दिएका तर कर्जा नपाएका व्यवसायी र ऋण पाएका व्यवसायीहरुका आसपासका व्यवसायीहरुलाई सुविधाजनक नमुना छनोट विधिमार्फत समावेश गरिएको छ । यसो गर्दा उद्योग-व्यवसायमा समानता भएका व्यवसायीहरुलाई सर्वेक्षणमा प्राथमिकता दिइएको छ ।

### १.४.२ बैंकहरुको छनौट

व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने १८ वाणिज्य बैंक तथा ४ विकास (मर्जर पूर्व) बैंकहरुबाट १/१ जना गरी प्रदेशका २२ बैंक तथा वित्तीय संस्थाका कर्जा अधिकृतहरुलाई स्थलगत सर्वेक्षणमा समावेश गरिएको छ ।

### १.४.३.प्रश्नावली र तथ्याङ्क सङ्कलन विधि

स्थलगत सर्वेक्षणमा व्यवसाय जीवन रक्षा कर्जा प्राप्त गर्ने तथा प्राप्त नगर्ने उद्यमी/व्यवसायी र कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरुको लागि छुट्टा-छुट्टै प्रश्नावली तयार गरिएको छ ।

कर्जा उपयोग गरिरहेका ऋणीहरुको लागि तर्जुमा गरिएको प्रश्नावलीमा मूलतः कर्जाको प्रयोजन, कोभिडका कारण गरिएको बन्दाबन्दी अगाडि र पछाडिको कारोबारको अवस्था, कर्जा उपयोगको अवस्था, कर्जा प्राप्त नभएको भए व्यवसाय निरन्तर गर्न सक्ने/नसक्ने अवस्था, कार्यविधिमा रहेका व्याज तथा कर्जा शोधभर्ना अवधि, किस्ताको नियमितता लगायतका विषयहरु समावेश गरिएको छ। यो संग सम्बन्धित प्रश्नावली अनुसूची-१ मा राखिएको छ ।

अनुसूची-२ मा कर्जा उपयोग नगरेका ऋणीहरुको लागि तर्जुमा गरिएको प्रश्नावली समावेश गरिएको छ । यसमा मूलतः जीवन रक्षा कर्जाको बारेमा जानकारी भए/नभएको, कर्जाका लागि आवेदन दिए/नदिएको, कोभिडका कारण गरिएको बन्दाबन्दीमा व्यवसाय सञ्चालनको अवस्था र हालको व्यवसायको स्थिति लगायतका विषयहरु समावेश गरिएको छ ।

त्यस्तैगरी, बैंक तथा वित्तीय संस्थाहरुको लागि तर्जुमा गरिएको प्रश्नावलीमा जीवन रक्षा कर्जाको आवेदन संख्या र जीवन रक्षा कर्जाबाट बैंकको पुराानो कर्जा असुलीको विवरण, कर्जाको उपयोगको अवस्था जस्ता विषयहरु समावेश गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको सर्वेक्षण अनुसूची ३ मा उल्लेखित प्रश्नावली समावेश गरी इमेल मार्फत् सङ्कलन गरिएको छ भने कर्जा उपभोग गर्ने ऋणीहरु तथा कर्जा उपभोग नगर्ने उद्यमी/व्यवसायीको विवरण नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका कर्मचारीहरुबाट स्थलगत सर्वेक्षण मार्फत सङ्कलन गरिएको छ ।

### १.५ अध्ययनका सीमाहरु

यस अध्ययनका सीमाहरु देहाय बमोजिम रहेका छन् ।

यस अध्ययन गण्डकी प्रदेशका ११ जिल्लाहरुमध्ये ५ जिल्लाका जम्मा ३२० उद्यमी/व्यवसायीको स्थलगत सर्वेक्षणमा आधारित रहेकोले अध्ययनको निष्कर्षलाई सोही अनुरुप लिनु आवश्यक छ ।

यस अध्ययनको प्रयोजनका लागि प्रयोग भएका प्रभावकारिता मापन गर्ने सूचकहरु सबै पूर्ण नहुन पनि सक्दछन् । साथै, यिनीहरुको विश्लेषण पनि व्यक्ति पिच्छे फरक फरक हुन सक्दछन् ।

### १.६ प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई ६ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमी, उद्देश्य, औचित्य र महत्व, अध्ययन विधि र अध्ययनको सीमा प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा अर्थतन्त्रमा कोभिडको असर न्यूनीकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा भएका नीतिगत व्यवस्था समेत समेटी कृति समीक्षा गरिएको छ । तेस्रो परिच्छेदमा व्यवसाय जीवन रक्षा कर्जाको नीतिगत व्यवस्था र स्थिति उल्लेख गरिएको छ । त्यसैगरी चौंथो परिच्छेदमा स्थलगत सर्वेक्षणमा समावेश भएका ऋणी र कर्जा प्रवाहको विवरण समावेश गरिएको छ । पाँचौं परिच्छेदमा व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता र प्रभावकारिताको विश्लेषण गरिएको छ । अन्त्यमा, परिच्छेद ६ मा अध्ययनको निष्कर्ष तथा सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: अध्ययन समीक्षा

यस परिच्छेदमा कोभिड-१९ लगायत अन्य विपदका समयमा विभिन्न सरकार तथा केन्द्रीय बैंकहरुबाट उपलब्ध गराइएका राहत तथा सुविधा तथा तिनको प्रभावकारिता सम्बन्धमा भएका अध्ययनहरुको समीक्षा गरिएको छ । साथै, केही खास क्षेत्रको उत्थानको लागि सरकार तथा केन्दीय बैंकको तर्फबाट ल्याइएका सहुलियतपूर्ण कर्जा सम्बन्धमा भएका अध्ययनको समेत समीक्षा गरिएको छ ।

## २.१ राष्ट्रिय रुपमा भएका अनुदान तथा कर्जा कार्यक्रम

### क) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट भएका व्यवस्थाहरु

नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेट बक्तब्य मार्फत् घरेलु, साना तथा मझौला उद्यम तथा कोरोना प्रभावित पर्यटन व्यवसायका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनका लागि ५ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउन रु.५० अर्बको छुट्टै कोष खडा गर्ने व्यवस्था गरेको देखिन्छ भने कोभिड-१९ का कारण प्रभावित उत्पादनमूलक उद्योगहरुको बन्दाबन्दी अवधिभर विद्युतको डिमाण्ड शुल्क छुट दिने र माग कम हुने समयको विद्युत खपतमा ५० प्रतिशत छुट दिने प्रबन्ध मिलाइएको छ । त्यस्तै, आर्थिक वर्ष २०७८/७९ को बजेट बक्तब्य मार्फत् कोभिड-१९ प्रभावित होटल, ट्राभल, ट्रेकिङ लगायतका पर्यटन व्यवसाय, सार्वजनिक यातायात, हवाई सेवा, चलचित्र उद्योग, हस्तकला उद्योग, सञ्चार गृह, विज्ञापन सेवा, टेलरिङ, ब्युटीपार्लर, हेल्थ क्लब जस्ता व्यवसायलाई आर्थिक वर्ष २०७८/७९ मा लिनुपर्ने इजाजत तथा नवीकरण दस्तुर छुट दिई स्वतः नवीकरण हुने व्यवस्था गरेको देखिन्छ ।

नेपाल राष्ट्र बैंकले कोभिड-१९ महामारीको समयमा प्रभावित व्यवसायहरुको उत्थानका लागि मौद्रिक नीति मार्फत विभिन्न छुट तथा सुविधाहरु प्रदान गरेको देखिन्छ । यस अन्तरगत व्यवसायहरुलाई न्यून प्रभावित, मध्यम प्रभावित र अति प्रभावित गरी तीन वर्गमा वर्गीकरण गरी राहतका कार्यक्रमहरु सञ्चालन गरिएको छ । यी सुविधाहरुमा व्यवसायीहरुलाई ब्याज/पेनाल/शुल्क छुट देखि कर्जाको पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सक्ने व्यवस्था रहेका छन् ।

**बक्स १: कोभिड-१९ बाट ऋणीहरुमा परेको असर न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंकबाट भएका मुख्य व्यवस्था**

| क्र.सं. | व्यवस्था |
|---|---|
| १. | मिति २०७७/०१/१६ मा २०७६ चैत मसान्तमा कायम व्याजदरमा २ प्रतिशत विन्दुले कम गरी आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको व्याज रकम गणना गर्नुपर्ने व्यवस्था गरिएको । |
| २. | पुनरकर्जाका लागि उपलब्ध कोषको ५ गुणासम्म पुनरकर्जा उपलब्ध गराउने उद्देश्यले मिति २०७७/०४/०६ मा नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ जारी गरिएको । |
| ३. | मिति २०७७/०४/१२ मा व्यवसायमा परेको प्रभावका आधारमा कर्जाको किस्ता र ब्याज रकम भुक्तानी पछि गर्न सक्ने व्यवस्था मिलाइएको । |
| ४. | मिति २०७७/०४/१२ मा कर्जा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइएको । |
| ५. | २०७७/०४/१२ मा CCD Ratio को सीमा २०७८ असार मसान्त सम्मको लागि ८० प्रतिशतबाट बढाई ८५ प्रतिशत कायम गरिएको । |
| ६. | मिति २०७७/०४/१२ मा चालु पूँजी कर्जाको सीमामा बढीमा २० प्रतिशतसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाले थप कर्जा प्रवाह गर्न सक्ने व्यवस्था मिलाइएको । |
| ८. | मिति २०७८/०२/११ मा निषेधाज्ञा अवधिभर बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकबाट कर्जा असुलीमा कुनै पनि प्रकारको पेनाल्टी वा अतिरिक्त शुल्क लिन नपाउने व्यवस्था मिलाइएको । |
| ९. | निश्चित क्षेत्रका व्यवसायमा कार्यरत श्रमिक र कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनमा सघाउ पुऱ्याउन मिति २०७७/०८/०९ मा व्यवसाय निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ जारी गरिएको । |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

**ख) प्रदेश सरकारहरुबाट भएका व्यवस्थाहरु**

कोभिडका कारण शिथिल अर्थतन्त्र तथा अस्तव्यस्त बनेको आम जनताको दिनचर्यालाई सहजता तर्फ उन्मुख गराउन नेपालका विभिन्न ६ प्रदेशले कोभिड लक्षित राहत तथा अनुदानका कार्यक्रमहरु ल्याएको देखिन्छ । सुदुरपश्चिम प्रदेशले भने कार्यविधि बनाएर राहत, अनुदान र छुटको कार्यक्रम ल्याएको देखिएको छैन ।

**तालिका : २.१**
**प्रदेशगत कोभिड लक्षित कार्यक्रम**

| क्र. सं. | प्रदेश | सम्बन्धित कार्यविधि | मुख्य विशेषता |
|---|---|---|---|
| १ | कोशी प्रदेश | कृषि व्यवसाय राहत कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ | कृषि उपजको बजारीकरणमा राहत तथा कृषि कर्जाको व्याजमा सहुलियत |
| २ | मधेश प्रदेश | कोरोना भाईरस नियन्त्रण गर्न लकडाउनको कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६ | कृषि उपजको बजारीकरणमा राहत तथा कृषि कर्जाको व्याजमा सहुलियत |
| ३ | बागमती प्रदेश | उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८ | तोकिएका व्यवसायको पुनरुत्थान |
| ४ | गण्डकी प्रदेश | व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ | तोकिएका उद्यमी/व्यवसायीलाई निर्व्याजी कर्जा |
| ५ | लुम्बिनी प्रदेश | कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७ | वसन्त ऋतुमा लगाइने बालीलाई प्रोत्साहन |
| ६ | कर्णाली प्रदेश | मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ | बेरोजगारीको समस्या न्यूनीकरण गर्दै गरिबी निवारण |

स्रोतः प्रदेशसरकारका वेवसाइटहरु ।

**कोशी प्रदेश**

कोभिड-१९ का कारण गरिएको बन्दाबन्दीबाट कृषि तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरणमा अवरोध भई दूध, अण्डा, माछा, मासु तथा विभिन्न प्रकारका तरकारीहरु उत्पादन स्थलमानै नष्ट हुने स्थितिबाट किसान तथा उद्यमी व्यवसायीहरुमा पुगेको क्षति न्युनीकरण गर्न तथा उत्पादन कार्यलाई निरन्तरता दिन कोशी प्रदेशले २०७७ असार मसान्तसम्म कार्यान्वयन हुनेगरी कृषि व्यवसाय राहत कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ कार्यान्वयनमा ल्याएको थियो । उक्त निर्देशिका बमोजिम लक्षित वर्ग र कार्यक्रमको संरचना देहाय अनुसार रहेको छ ।

महामारीबाट उत्पन्न परिस्थितिका कारण व्यवसायीक रुपमा गरिएको कुखुरा फर्म, दुध उत्पादन, प्रशोधन गरी धुलो दूध बनाउने, चिज, छुर्पि बनाउने उद्योगका लागि उक्त उत्पादनको परिमाणका आधारमा राहत वा अनुदान उपलब्ध गराउने ।

तरकारी बाली तथा फलफूलमा भएको क्षतिको सम्बन्धित स्थानीय तहले गरेको सिफारिस, क्षति सम्बन्धमा प्राविधिकको प्रतिवेदनको आधारमा, संख्या उल्लेख हुने कृषि वस्तुको हकमा संख्याको आधारमा तथा अन्यको हकमा सो बालीले ओगटेको क्षेत्रका आधारमा राहत वा अनुदान उपलब्ध गराउने ।

कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन सामाग्री, प्रशोधन, बजारीकरण, सिंचाई वा सो सम्बद्ध व्यवसायमा भएको क्षतिको यकिन विवरणका आधारमा अनुदान वा राहत उपलब्ध गराउने ।

सो अनुसार कार्यविधिले कुनै पनि बैंक/वित्तीय संस्था, लघुवित्त वा सहकारीबाट प्रवाहित व्यवसायिक कृषि कर्जामा मिति २०७६ चैत्र देखि २०७७ असार मसान्तसम्मको व्याज अनुदान निम्नानुसारले दिने व्यवस्था गरेको छ :

१. रु.५ लाखसम्मको कर्जामा अधिकतम १२ प्रतिशितसम्म,
२. रु.५ लाख भन्दा माथि १५ लाखसम्मको कर्जामा व्याजको ५० प्रतिशत वा ६ प्रतिशत व्याजदरले गणना गर्दा जुन कम हुन्छ सोही रकम,
३. रु.१५ देखि ३० लाखसम्मको कर्जामा व्याजको ४० प्रतिशत वा ५ प्रतिशत व्याजदरले गणना गर्दा जुन कम हुन्छ सोही रकम,
४. रु.३० भन्दा माथिको कर्जामा मन्त्रालयको सिफारिसमा प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम ।

**मधेश प्रदेश**

अर्थतन्त्रमा देखिएको असहज परिस्थितिका कारण समग्र कृषि क्षेत्र गम्भीर रुपले प्रभावित भएको अवस्थामा कृषि क्षेत्रलाई संरक्षण गर्दै कृषकहरुलाई यस क्षेत्रबाट विस्थापित हुन नदिन मधेश प्रदेश सरकारले कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याएको थियो ।

यस कार्यक्रमले पनि कोशी प्रदेशको जस्तै लक्षित वर्गका लागि राहत तथा अनुदान र कृषि ऋणको व्याजमा अनुदान दिने गरी कार्यविधि ल्याएको देखिन्छ । कार्यविधिको समयावधि, समेटेको क्षेत्र र राहत तथा अनुदान सबै कुरामा यी दुई कार्यक्रममा एकरुपता देखिन्छ ।

**बाग्मती प्रदेश**

बाग्मती प्रदेशले कार्यान्वयनमा ल्याएको उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८ कोभिड-१९ लक्षित नै नभएतापनि यसको एउटा उद्देश्य कोरोना भाइरसबाट प्रभावित कृषि, पर्यटन एवम् रोजगारीमूलक घरेलु तथा लघु उद्योग/व्यवसायको पुनरुउत्थान गर्ने रहेको छ ।

यस अन्तरगत भाइरसबाट प्रभावित कृषि, पर्यटन एवम् रोजगारीमूलक घरेलु तथा लघु उद्योगमा प्रदेश सरकारले तोकिएका बैंक वित्तीय संस्था मार्फत् रकम लगानी गर्ने व्यवस्था गरेको छ । उक्त लगानीको सावाँ रकम किस्ताबन्दीमा उद्यमी/व्यवसायीले भुक्तानी गर्ने र बैंकले बढीमा तीन प्रतिशत व्याजदर सेवा शुल्क वापत लिन सक्ने व्यवस्था रहेको छ ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश सरकारद्वारा कोभिडका कारण प्रतिकूल अवस्था सिर्जना भई खाद्यान्न, तरकारी बाली तथा पशुजन्य उपजमा व्यवसायिक कृषकहरुले व्यहोर्नु परेको समस्यालाई समाधान गर्दै आवधिक योजनाको लक्ष्य हासिल गर्न सघाउ पु¥याउने ध्येयले कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७ कार्यान्वयनमा ल्याएको छ । यस कार्यक्रमले कृषि बालीको क्षेत्र तथा उत्पादकत्व विस्तारका निमित्त अनुदानमा आधारित बाली सघनता वृद्धिमा जोड दिएको छ ।

कार्यविधिमा देहायको कार्यक्रमहरु समेटिएका छन् :

१. उत्पादनको क्षेत्र विस्तार कार्यक्रम,
२. उत्पादन प्रोत्साहन कार्यक्रम,
३. प्रविधि विस्तार तथा सेवा टेवा कार्यक्रम ।

लुम्बिनी प्रदेश सरकारले बसन्ते बालीलाई प्रोत्साहन गर्दै वसन्त ऋतुमा लगाईने बालीको क्षेत्र विस्तार एवम् उत्पादकत्व वृद्धि गर्न आवश्यकतानुसार क्लस्टर पहिचान गरी कार्यक्रम मार्फत् अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । सो कार्यका लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि सामाग्री प्रशोधन कम्पनी मार्फत एकल वा सामुहिक रुपमा बाली लगाउन प्रोत्साहन गरिएको छ ।

कार्यक्रमले विशेष गरी कृषिजन्य उत्पादनलाई जोड दिएको छ भने कृषि उत्पादनको बजारीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले खरिदकर्तालाई पनि प्रति ईकाइ खरिदमा निश्चित रकम अनुदान दिने व्यवस्था गरेको छ । त्यस्तैगरी सम्पादित कार्यक्रमको उपलब्धि तथा प्रभावकारिता हेरी कार्यक्रमलाई निरन्तरता दिन सकिने व्यवस्था पनि रहेको छ ।

**कार्यक्रमको अनुदान तथा खर्च मापदण्ड** :

- क्षेत्र विस्तार कार्यक्रम : यस अन्तरगत नयाँ क्षेत्रमा वसन्ते बाली उत्पादन गर्ने कृषकले बाली लगाएको एक महिना पश्चात् तोकिएका प्राविधिकको सिफारिसका आधारमा रु.१० हजार प्रति हेक्टरका दरले ।
- उत्पादन क्षेत्र प्रोत्साहन कार्यक्रम : यस अन्तरगत उत्पादनलाई बढावा दिई आत्मनिर्भर हुन कार्यविधिमा तोकिएका कार्यालयका प्राविधिकको निगरानीमा प्रविधिको अनुशरण गर्ने कृषकलाई उत्पादन परिणामको आधारमा प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था रहेको छ ।
- प्रविधि विस्तार तथा सेवा टेवा कार्यक्रम : तोकिएका कार्यालयले सालबसाली नियमित कार्यक्रमबाट कृषक तालिम तथा सरोकारवाला अभिमुखीकरण, माटो जाँच जस्ता कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ ।
- कृषि हेर्ने जिल्ला स्थित कार्यालय मार्फत सञ्चालन हुने यस कार्यक्रमले उत्पादनमा प्रविधिको प्रयोगलाई बढावा दिदैं विशेष गरी वसन्त ऋतुमा लगाइने बालीको क्षेत्र विस्तारमा जोड दिनुका साथै खेती गर्दा नविन प्रविधिको प्रयोगलाई पनि जोड दिएको छ ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेश सरकारद्वारा निर्माण गरी कार्यान्वयनमा ल्याइएको मुख्यमन्त्री रोजगार कार्यक्रमले प्रदेशका बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न तथा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्य राखेको छ ।

क) स्थानीय स्तरमा रोजगारी सिर्जनामा जोड : प्रदेशका बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीय स्तरमा रोजगारी सृजना गर्ने कार्यक्रमको छनोट गरी आयआर्जनका क्रियाकलाप बढाउन तथा गरिबी निवारणका निमित्त देहायका अनुदानमा आधारित सामुदायिक पूर्वाधार निर्माणमा जोड दिइएको छ ।

१. सडक, सिंचाई, खानेपानी, स्वास्थ्य भवन लगायतका पूर्वाधार विकास कार्यक्रम ।
२. नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण, ताल तलैया, जलाशय निर्माण तथा संरक्षण, खेल मैदान, विद्यालय भवन निर्माण आदि ।

ख) गरिबी निवारणमा जोड : स्थानीय सीप तथा कच्चा पदार्थको उपयोगमा जोड दिंदै सामुदायिक पूर्वाधार निर्माण कार्यक्रम मार्फत गरिबी निवारणमा जोड दिइएको छ ।

कार्यविधिको उद्देश्य अनुरुपका योजना छनोट गर्दा आयोजनाबाट लाभान्वित हुने जनसंख्या, दिगो र अधिकतम रोजगारी सिर्जना हुने आधार जस्ता पक्षलाई ध्यानमा राखी कम्तीमा एक वडामा एक आयोजना पर्नेगरी छनौट गर्नुपर्ने व्यवस्था कार्यविधिले गरेको छ । यो कार्यक्रमले प्रदेशको मुख्य समस्याका रुपमा रहेको बेरोजगारीको समस्या न्यूनीकरणमा सहयोग गर्नुका साथै विकास निर्माणमा स्थानीय जनताको अपनत्व सिर्जना गर्न जोड दिएको देखिन्छ ।

**२.२ अन्तर्राष्ट्रिय रुपमा भएका अनुदान तथा कर्जा कार्यक्रम**

- स्टेट बैंक अफ पाकिस्तानले बैंक तथा वित्तीय संस्थाहरुलाई कोभिड-१९ को समयमा सम्पूर्ण प्रकारको घर र व्यापारिक कर्जाको सावाँ भुक्तानीका लागि एक वर्षसम्मको समयावधि थप्ने निर्देशन दिएको देखिन्छ ।

साथै, बेरोजगारी रोक्न सहयोग गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुलाई केही समयका लागि सबै प्रकारका कर्मचारी तलब वितरणमा पुनरकर्जाको व्यवस्था गरेको देखिन्छ ।

- भारत सरकारले कोभिड-१९ को असर न्यूनीकरण गर्न विभिन्न मितिमा गरी भा.रु. २४,३५०।- अर्बको राहत प्याकेजको घोषणा गरेको देखिन्छ । यस्ता कार्यक्रमहरु रोजगारी सिर्जना, खाद्य सुरक्षा, कृषकहरुलाई प्रत्यक्ष रुपमा रकम ट्रान्सफर, सामाजिक सुरक्षा आदिमा केन्द्रित रहेको पाइन्छ । भारतको केन्द्रीय बैंक भारतीय रिजर्भ बैंकले नीतिगत दर, अनिवार्य नगद मौज्दात घटाउने लगायत तरलता व्यवस्थापनका उपाय अपनाएको देखिन्छ भने लघु, मझौला तथा साना उद्योगहरुका लागि शत प्रतिशत कर्जा सुरक्षण सहित बिना धितो ऋण कार्यक्रम लगायत कार्यक्रम सञ्चालनमा ल्याएको देखिन्छ ।
- अफगानिस्तान सरकारले सन २०२० मा कोभिड-१९ को असर न्यूनीकरण गर्न कुल गार्हस्थ्य उत्पादनको करिब २.२ प्रतिशत खर्च गरेको देखिन्छ । यस अन्तरगत अफगान अफगानी १० अर्ब ९० करोडको स्वास्थ्य प्याकेज, अफगान अफगानी १४ अर्ब ७० करोडको सामाजिक राहत प्याकेज, प्रान्तहरुमा अफगान अफगानी १ अर्ब ३० करोडको रकम हस्तान्तरण र अफगान अफगानी ५ अर्ब २० करोडको तथा अफगान अफगानी १ अर्बको कृषि तथा अल्पकालीन रोजगारीका खर्च गरिने व्यवस्था रहेको देखिन्छ । त्यस्तै सन २०२१ को सरकारी बजेटमा अफगान अफगानी २ अर्ब ४० करोड बराबरको स्वास्थ्य प्याकेज सहित अफगान अफगानी ८ अर्ब ९ करोडको सामाजिक प्याकेज उपलब्ध गराएको थियो ।
- श्रीलंका सरकारले कुल गार्हस्थ्य उत्पादनको ०.१ प्रतिशत रकम कोभिड-१९ को असर न्यूनीकरण गर्न खर्च गरेको देखिन्छ । यसको अलावा सन् २०२० मा कुल गार्हस्थ्य उत्पादनको ०.५ प्रतिशत रकम लक्षित वर्गमा सोझै नगद हस्तान्तरणमा खर्च गरेको देखिन्छ । श्रीलंकाको केन्द्रीय बैंकले मौद्रिक नीतिका दरहरु घटाएको देखिन्छ भने वाणिज्य बैंकहरुको लाभांश भुक्तानीमा रोक तथा सञ्चालकहरुलाई थप सुविधा दिन रोक, केही लक्षित कर्जाहरुमा भुक्तानी तालिकाको पुनरतालिकीकरण आदि सुविधाहरु प्रदान गरेको देखिन्छ ।
- बङ्गलादेश बैंकले कोभिड १९ को असर न्यूनीकरण गर्न नीतिगत दर, अनिवार्य नगद मौज्दात घटाउने लगायत तरलता व्यवस्थापनका उपाय अपनाएको देखिन्छ भने बैंक तथा वित्तीय संस्थाले कर्जाको भुक्तानी तालिका पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था, व्याज भुक्तानीमा समय थप, सहज क्रेडिट रेटिङ्ग प्रक्रिया आदि अबलम्बन गरेको देखिन्छ ।

## २.३ अन्य अध्ययन समीक्षा

- आकोश हार्बाथ र पिटर लाङ २०२१ ले हङ्गेरीमा गरेको अध्ययनमा विश्वव्यापी वित्तीय संकट र कोभिड-१९ संकटको समयमा बाह्य वित्तिय अवरोधहरु कम गर्न र साना फर्महरुको वास्तविक गतिविधिलाई उत्प्रेरित गर्न सहुलियतपूर्ण ऋण धेरै देशहरुमा विचार वा प्रयोग गरिएको बताइएको छ । २०१३ मा हंगेरीमा लागू गरिएको अनुदानमा आधारित ऋण कार्यक्रमले लगानी र रोजगारी सृजनालाई प्रवर्द्धन गर्न मात्र नभइ तिनीहरुको उत्पादन दक्षता समेत बढाउने देखिएको छ ।
- वर्टोनि, एवम् अन्य २०११ ले स्पेनमा सरकारद्वारा समर्थित सहभागितामूलक कर्जाले उद्यमशीलता विकासमा पारेको प्रभाव विषयमा कर्जा प्राप्त गर्ने ५१२ वटा नमुना फर्ममा गरेको अध्ययन अनुसार ती फर्महरुमा रोजगारी र व्यापार उल्लेखनीय रुपमा बढेको देखिएको छ । प्रत्येक १० लाख युरोको कर्जा लगानीले १२.१ देखि १४.७ बराबरको रोजगारी वृद्धि गरेको एवम् १० लाख ९० हजार देखि १९ लाख ७० हजार युरो बराबरको व्यापार बढाएको देखाएको छ ।
- होन्डा एवम् अन्य २०२३ ले जापानमा गरेको अध्ययनले कोभिड १९ को समयमा जापान सरकारले प्रदान गरेको व्यवसाय समर्थन कार्यक्रम कोभिड-१९ बाट अति प्रभावित व्यवसायमा प्रभाव भएको, "जोम्बी" वा "लो रिर्टन ऋणीहरु" को रूपमा वर्गीकृत गरिएका व्यवसायहरु यस प्रकारको कार्यक्रमका लागि चुनिने सम्भावना बढी भएको, यस्ता कार्यक्रमले व्यवसायहरुको नगद मौज्दात बढेको र कार्यक्रमले व्यवसाय

बन्द हुने अवस्थालाई रोकेको मात्र नभई दीर्घकालमा बन्द हुने सम्भावना भएका व्यवसायलाई पुनर्उत्थान गरेको निश्कर्ष निकालिइएको छ ।

- उप्रेती, नेपाल एवम् अन्य (२०२२) को कृषि उत्पादकत्वमा अनुदान ऋण कार्यक्रमको प्रभाव अध्ययनले धुनिवेशी नगरपालिकामा कृषि ऋण कार्यक्रमले कृषि उत्पादकत्वमा ३८७२ किलोग्राम प्रति रोपनी प्रति वर्ष देखि ३८९६ किलोग्राम प्रति रोपनी प्रति वर्षसम्म वृद्धि भएको देखाएको छ । उक्त अध्ययनबाट सहुलियतपूर्ण ऋण कार्यक्रमले कृषि उत्पादकत्वमा सकारात्मक प्रभाव पारेको देखिएतापनि राष्ट्रिय तथ्याङ्कले राष्ट्रिय कृषि उत्पादकत्वमा सहुलियतपूर्ण ऋण कार्यक्रमको उल्लेखनीय योगदान रहेको देखाएको छैन भन्ने निश्कर्ष निकालिएको छ । यसो हुनुमा ग्रामीण भेगका साना किसानसम्म यस्ता कार्यक्रमको पहुँच नपुग्नु र सहरी क्षेत्रका धनी व्यापारीहरुबाट यस्ता कार्यक्रमको दुरुपयोग हुनु, सम्बन्धित नीतिहरु कृषकमैत्री नहुनु, बैंकको कर्जा प्रकृया झण्झटिलो हुनु र अनुगमन तथा सुपरिवेक्षण कमजोर हुनु रहेका छन् ।
- इब्राहिम अली जरेबा (२०१४) ले उत्तरी सुडानका २०० जना किसानहरुलाई नमुनाको रुपमा लिई विश्लेषणात्मक तथ्याङ्कशास्त्र र Bivariate Probit Model प्रयोग गरी गरेको कर्जाको उपयोग र भुक्तानी प्रवृत्ति सम्वन्धी अध्ययनले ८९ प्रतिशत ग्रामीण घरपरिवारले समयमै ऋण भुक्तान गर्ने गरेको देखियो भने ५२ प्रतिशत घरपरिवारले कर्जा रकम अन्य लगानी प्रयोजनमा खर्च गरेको देखियो ।

# परिच्छेद ३: व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम

## ३.१ कर्जाको पृष्ठभूमी

गण्डकी प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित साना उद्यम तथा व्यवसायको जीवन रक्षा गर्न निर्व्याजी कर्जा उपलब्ध गराउने उद्देश्यले व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ तयार गरी कार्यान्वयन गरिरहेको छ । सो कार्यविधि बमोजिम व्यवसाय जीवन रक्षा कर्जा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय मार्फत कार्यान्वयन गरिने हुँदा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागको स्वीकृती बमोजिम नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय र गण्डकी प्रदेश सरकारबीच मिति २०७७ माघ ६ मा सम्झौता भएको थियो । सो सम्झौता अनुसार, नेपाल राष्ट्र बैंकले कर्जा प्रवाहको लागि बैंक तथा वित्तीय संस्थाहरुसँग सम्झौता गर्ने, सम्झौता बमोजिम कर्जा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण गर्ने र बैंकहरुलाई त्रैमासिक रुपमा ब्याज अनुदान भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

२०७७ फागुनबाट कार्यान्वयनमा आएको उक्त कार्यक्रमका लागि नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले गण्डकी प्रदेशमा रहेका १८ वाणिज्य बैंक र ९ विकास बैंकसँग सम्झौता गरेको छ । सम्झौता गरिएका बैंकहरुले पहिलो पटक २०७७ माघ २१ देखि २०७७ फागुन २० सम्म र दोस्रो पटक २०७८ फागुन २० देखि २०७८ चैत्र १९ सम्म गरी दुई पटक कर्जाका लागि आवेदन आह्वान गरेका थिए ।

व्यवसायीहरुबाट प्राप्त आवेदन अनुसार सम्झौता भएका बैंकहरुबाट रु.८.४१ अर्ब कर्जा प्रस्ताव प्राप्त भएको र सोमध्ये रु.५.२१ अर्ब कर्जा यस कार्यालयबाट स्वीकृत भएको थियो । स्वीकृत कर्जाबाट बैंकहरु मार्फत १,६३८ ऋणीहरुलाई रु.१.८१ अर्ब कर्जा प्रवाह भई २०७९ चैत मसान्तमा १,५७५ ऋणीहरुको रु.९०.६६ करोड कर्जा बक्यौता रहेको छ ।

व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउन नेपाल राष्ट्र बैंक पोखरा कार्यालयसँग सम्झौता भएका बैंकहरुले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रका व्यवसायलाई रु.५० हजार देखि रु.१५ लाखसम्म कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त कर्जाहरुमा सम्बन्धित बैंकहरुले अघिल्लो त्रयमासको औसत आधार दरमा अधिकतम ३ प्रतिशत प्रिमियम थप गरी ब्याजदर कायम गर्नुपर्ने प्रावधान रहेको छ । साथै, गण्डकी प्रदेश सरकारले त्रैमासिक रुपमा नेपाल राष्ट्र बैंक मार्फत कर्जाको ब्याज शोधभर्ना उपलब्ध गराउने र ऋणीहरुले कर्जाको साँवामात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।

## ३.२ व्यवसाय जीवन रक्षा कर्जा व्यवस्था र सीमा

व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ बमोजिम बैंकहरुले लक्षित व्यक्ति/समूह/फर्म/कम्पनीलाई शुन्य ब्याजदरमा प्रदान गर्ने कर्जाको सीमा र भुक्तानी अवधि देहाय बमोजिम रहेको छ ।

**तालिका : ३.१**
**क्षेत्रगत कर्जा सीमा**

| क्र.सं | कर्जाको शिर्षक र क्षेत्र | न्यूनतम कर्जा रकम | अधिकतम कर्जा रकम | अधिकतम अवधि |
|---|---|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| २. | साना पर्यटन व्यवसाय कर्जा | रु.१ लाख | रु.१५ लाखसम्म | ३ वर्ष |
| ३. | साना यातायात व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |
| ४. | साना सेवा व्यवसाय कर्जा | रु.५० हजार | रु.१० लाखसम्म | ३ वर्ष |

स्रोत : व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७।

कर्जा कार्यक्रमले वार्षिक कारोबार/बिक्री रकम रु.५० लाख भन्दा कम भएका लघु घरेलु तथा साना उद्यम व्यवसाय, साना पर्यटन व्यवसाय, साना यातायात व्यवसाय र साना सेवा व्यवसायलाई समेटेको छ।

**तालिका : ३.२**
**व्याज अनुदानमा प्रवाह हुने क्षेत्रगत कर्जा**

| क्रं सं. | कर्जा शीर्षक | कर्जाका क्षेत्रहरु |
|---|---|---|
| १. | लघु घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | स्थानीय उत्पादनमा आधारित साना तथा लघु उद्यम व्यवसायहरु, जुत्ता चप्पल, पोते बुन्ने, झोला पर्स बनाउने, कुखुरा पालन आदिसँग सम्बन्धित व्यवसायहरु। |
| २. | साना पर्यटन व्यवसाय कर्जा | होटल, होम-स्टे, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग व्यवसाय, ऱ्याफ्टिङ, साहसिक पर्यटनसँग सम्बन्धित व्यवसाय, साँस्कृतिक मनोरञ्जन दिने व्यवसाय, Trekking Equipment बिक्रि गर्ने पसल व्यवसाय, डुंगा व्यवसाय, पार्टी प्यालेस तथा क्याटरिङ्ग आदि अन्तरगतका उद्यम व्यवसायहरु। |
| ३. | साना यातायात व्यवसाय कर्जा | ट्याक्सी, बस, ट्रक, मिनि बस, माइक्रो बस, जीप, भ्यान, ट्रयाक्टर, रिक्सा, अटो रिक्सासँग सम्बन्धित व्यवसायहरु। |
| ४. | साना सेवा व्यवसाय कर्जा | वर्कसप, ब्युटीपार्लर, हेयर कटिङ्ग, छापाखाना, सिलाई बुनाई, सिनेमा हल, व्यायामशाला, निजी विद्यालय तथा शैक्षिक सामाग्रीको कारोबार गर्ने व्यवसाय, सञ्चार गृह, निर्माण व्यवसाय आदि अन्तरगतका व्यवसायहरु। |

स्रोतः व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७।

### कर्जाका लागि योग्यता एवम् शर्त सम्बन्धी व्यवस्था

कार्यविधि बमोजिम व्यवसाय जीवन रक्षा कर्जा प्राप्त गर्न वार्षिक कारोबार रकम रु.५० लाख भन्दा कम भएका उद्योगी व्यवसायीले देहाय बमोजिमको न्यूनतम योग्यता एवम् शर्तहरु पूरा गरेको हुनुपर्ने व्यवस्था गरेको छ :

१. गण्डकी प्रदेश भित्र उद्यम व्यवसाय सञ्चालन गरेको नेपाली नागरिक,
२. बैंकिङ्ग कसूर अन्तरगत कारबाहीमा नपरेको,
३. कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको,

४. स्थायी लेखा नम्बर प्राप्त गरेको,

५. कर्जाको आवेदन दिने मितिसम्म उद्यम व्यवसाय स्थापना भएको कम्तीमा १ वर्ष पूरा भएको,

६. नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकाय वा स्थानीय तहमा दर्ता भएको ।

**नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृतिप्राप्त कर्जा संख्या**

दुई चरणमा प्रदान गरिएको जीवन रक्षा कर्जाका लागि पहिलो चरणमा १८ वाणिज्य बैंकलाई कुल ६,७८० निवेदनका लागि रु.७ अर्ब ६७ करोड कर्जा प्रवाह गर्न पूर्व स्वीकृती प्रदान गरिएको थियो । दोस्रो चरणमा थप ९ विकास बैंकसंग सम्झौता भएको थियो । दोस्रो चरणमा पाँच विकास बैंक सहित २३ बैंक तथा वित्तीय संस्थाबाट ७८३ कर्जा फाईल पूर्व स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक पोखरा कार्यालयमा प्राप्त भएको थियो । जसमध्ये ७४६ कर्जा फाईललाई रु.६७ करोड प्रवाह गर्न स्वीकृती प्रदान गरिएको थियो । यसरी पहिलो र दोस्रो चरणमा गरी कुल ८ अर्ब ३४ करोड कर्जा प्रवाह गर्न पूर्व स्वीकृती प्रदान गरिएको थियो ।

**व्याजदर निर्धारण र शोधभर्ना**

व्यवसाय जीवन रक्षा कर्जाको व्याजदर निर्धारण गर्दा सम्बन्धित बैंकको अघिल्लो त्रयमासको औसत आधार दरमा बढीमा ३ प्रतिशत प्रिमियम थप गर्न सकिने व्यवस्था रहेको छ ।

कर्जा विधि शुरु भए देखि आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रयमाससम्ममा बैंक तथा वित्तीय संस्थाहरुलाई रु.२४ करोड ८३ लाख व्याज शोधभर्ना प्रदान गरिएको छ ।

### ३.३ कर्जा विवरण

**क्षेत्रगत विवरण**

व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि अनुसार बैंक तथा वित्तीय संस्थालाई विभिन्न चार क्षेत्रहरुमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । सो अनुसार सम्झौता गरिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको व्यवसाय जीवन रक्षा कर्जा र २०७९ चैत मसान्तको बक्यौता रकमको संरचना देहाय अनुसार रहेको छ ।


**तालिका : ३.३**
**आ.व. २०७९/८० को तेस्रो त्रयमाससम्मको क्षेत्रगत कर्जा प्रवाह**

रकम रु दश लाखमा

| क्र.सं. | कर्जाको शिर्षक | जम्मा लगानी | | | जम्मा वक्यौता | | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | संख्या | प्रतिशत हिस्सा | रकम | संख्या | प्रतिशत हिस्सा |
| १ | लघु, घरेलु तथा साना उद्यम व्यवसाय कर्जा | ६४८.६९ | ५६८ | ३५.७८ | ३२५.१३ | ५४७ | ३५.८६ |
| २ | साना पर्यटन व्यवसाय कर्जा | ८१७.६३ | ६६६ | ४५.१ | ४१०.५५ | ६४८ | ४५.२८ |
| ३ | साना यातायात व्यवसाय कर्जा | ९५.०३ | १३१ | ५.२४ | ४६.४३ | १२० | ५.१२ |
| ४ | साना सेवा व्यवसाय कर्जा | २५१.६३ | २७३ | १३.८८ | १२४.५९ | २६० | १३.७४ |
| जम्मा | | १८१२.९७ | १,६३८ | १०० | ९०६.७० | १,५७५ | १०० |

स्रोत : व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंकहरु ।

**चार्ट : ३.१**
**क्षेत्रगत कर्जा बक्यौता (प्रतिशतमा)**





स्रोत : व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंकहरु ।

२०७९ चैत मसान्तसम्ममा कुल रु.१ अर्ब ८१ करोड कर्जा प्रवाह भएकोमा रु.९० करोड ६६ लाख बक्यौता रहेको छ । कर्जाको सबैभन्दा बढी अंश (४५.२८ प्रतिशत) साना पर्यटन व्यवसाय तर्फ गएको देखिन्छ भने सबैभन्दा कम कर्जा (५.१२ प्रतिशत) साना यातायात व्यवसाय क्षेत्र तर्फ रहेको छ ।

**जिल्लागत विवरण**

व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि बमोजिम कर्जा प्रवाह गर्न नेपाल राष्ट्र बैंकसंग सम्झौता गरेका विभिन्न बैंकहरुले गण्डकी प्रदेशका ११ जिल्लाहरुमा कर्जा प्रवाह गरेका छन् । सो सम्झौता बमोजिम प्रवाह भएको कुल कर्जा लगानी रकमका आधारमा हेर्दा कास्की जिल्लामा सबैभन्दा बढी अर्थात ४४.५० प्रतिशत र तनहुँ जिल्लामा १०.७८ प्रतिशत लगानी रहेको छ भने अन्य जिल्लाहरुमा १० प्रतिशत भन्दा कम लगानी रहेको देखिन्छ ।

**चार्ट : ३.२**
**जिल्लागत रुपमा कर्जा लगानी रकम (प्रतिशतमा)**




स्रोत : व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंकहरु ।

**बैंक तथा वित्तीय संस्था अनुसारको कर्जा विवरण**

व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्न नेपाल राष्ट्र बैंकसंग विभिन्न १८ वाणिज्य बैंक र ९ विकास बैंकले सम्झौता गरेकामा हाल विभिन्न बैंक तथा वित्तीय संस्थाहरु बीच भएको मर्जर पश्चात १६ वाणिज्य बैंक र ४ विकास बैंकले कर्जा प्रवाह गरेका छन् । ती बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा लगानीको २०७९ चैत मसान्तमा रहेको बक्यौता कर्जा रकमको आधारमा विश्लेषण गर्दा तुलनात्मक रुपमा बढी रकम बक्यौता रहेका नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ग्लोबल आइएमई बैंक लि., र कुमारी बैंक लि. मा क्रमशः २०.८३ प्रतिशत, १२.५५ प्रतिशत र १०.९९ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी कम बक्यौता रहेका शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि., हिमालयन बैंक लि., र ग्रिन डेभलपमेण्ट बैंक लि. मा क्रमशः ०.२८ प्रतिशत, ०.४२ प्रतिशत र ०.६० प्रतिशत रहेको छ । समग्रमा हेर्दा जम्मा बक्यौता रकममा विकास बैंकको हिस्सा ५ प्रतिशत भन्दा कम रहेको छ ।

**स्थलगत निरीक्षण**

व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७ (चौंथो संशोधन) को परिच्छेद १० को दफा १९ मा नेपाल राष्ट्र बैंकले व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता तथा प्रभावकारिताको लागि आवश्यकता अनुसार अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्ने गराउने छ भन्ने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम आर्थिक वर्ष २०७८/७९ मा व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने सबै वाणिज्य बैंकहरुको स्थलगत निरीक्षण सम्पन्न गरिएको थियो । आर्थिक वर्ष २०७९/८० को तेस्रो त्रयमाससम्ममा भने १६ वाणिज्य बैंक र ४ विकास बैंकहरु मध्ये ७ वटा वाणिज्य बैंक र ३ वटा विकास बैंकका विभिन्न शाखाहरुबाट प्रवाहित कर्जाको स्थलगत निरीक्षण कार्य सम्पन्न भएको छ । निरीक्षणका क्रममा देखिएका कैफियत सुधार गर्न सम्बन्धित बैंकलाई पत्राचार गरी सोको जवाफ अभिलेखिकरण गर्ने गरिएको छ ।

# परिच्छेद ४: स्थलगत सर्वेक्षणमा समावेश उद्यमी/व्यवसायीको विवरण

यस परिच्छेदमा सर्वेक्षणमा समावेश गरिएका उद्यमी/व्यवसायीहरुको विवरण प्रस्तुत गरिएको छ । प्रस्तुत विवरणहरु व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने तथा उपभोग नगर्ने उद्यमी/व्यवसायीहरु र कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुबाट सर्वेक्षण फारम मार्फत सङ्कलन गरिएको हो ।

## ४.१ लैङ्गिक विवरण

प्रस्तुत अध्ययनमा गण्डकी प्रदेशका ५ जिल्लाका व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने १६० र कर्जा उपभोग नगर्ने १६० उद्यमी/व्यवसायीलाई सर्वेक्षणमा समावेश गरिएको छ । जसमध्ये कास्की जिल्लाबाट सबैभन्दा धेरै ७०/७० जना र सबैभन्दा कम गोरखा तथा मनाङ जिल्लाबाट १०/१० जना व्यवसायी रहेका छन् । सर्वेक्षणमा संलग्न मध्ये २३६ जना पुरुष र ८४ जना महिला उद्यमी/व्यवसायी रहेका छन् । जसमा महिला उद्यमीको समावेशीता २६.२५ प्रतिशत रहेको छ ।

**तालिका : ४.१**
**लैङ्गिक विवरण**

| जिल्ला | कर्जा उपभोग गर्ने | | | कर्जा उपभोग नगर्ने | | | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| कास्की | ८ | ६२ | ७० | १३ | ५७ | ७० | १५.०० |
| बागलुङ | ५ | २५ | ३० | ७ | २३ | ३० | २०.०० |
| तनहुँ | ९ | ३१ | ४० | २० | २० | ४० | ३६.२५ |
| गोरखा | ४ | ६ | १० | २ | ८ | १० | ३०.०० |
| मनाङ | ८ | २ | १० | ८ | २ | १० | ८०.०० |
| जम्मा | ३४ | १२६ | १६० | ५० | ११० | १६० | २६.२५ |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९)*

### ४.२ शैक्षिक योग्यता

सर्वेक्षणमा समावेश गण्डकी प्रदेशका साना उद्यम/व्यवसायीमध्ये करिब २८ प्रतिशतले स्नातक वा सो भन्दा बढी शैक्षिक योग्यता हासिल गरेको देखिएको छ भने करिब १० प्रतिशत उद्यमी/व्यवसायी औपचारिक शिक्षा नलिएका छन् ।

**तालिका : ४.२**
**शैक्षिक योग्यता**


| शैक्षिक योग्यता | कर्जा उपभोग गर्ने | | | कर्जा उपभोग नगर्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| स्नातक वा सो भन्दा बढी | १ | ४४ | ४५ | ८ | ३७ | ४५ | २८.१३ |
| उच्च माध्यमिक शिक्षा | १० | ४२ | ५२ | १५ | ३० | ४५ | ३०.३१ |
| माध्यमिक शिक्षा | १७ | ३० | ४७ | १५ | ४० | ५५ | ३१.८८ |
| औपचारिक शिक्षा नलिएको | ६ | १० | १६ | १२ | ३ | १५ | ९.६९ |
| जम्मा | ३४ | १२६ | १६० | ५० | ११० | १६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ४.३ व्यवसायको विवरण

व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने व्यवसायीहरुको व्यवसायको प्रकृति अनुसार विश्लेषण गर्दा, जम्मा ऋणी मध्ये ३१.२५ प्रतिशत ऋणीहरुले वर्कसप, ब्युटीपार्लर/हेयर कटिङ्ग, छापाखाना, सिलाई बुनाई लगायतका सेवामुलक व्यवसाय सञ्चालन गरेको पाइएको छ । त्यस्तै, २६.२५ प्रतिशतले होटल व्यवसाय, १८.१३ प्रतिशत व्यवसायीले पर्यटक सम्बद्ध अन्य व्यवसाय, १५.६३ प्रतिशतले कृषि तथा पशुपालन व्यवसाय, ६.८८ प्रतिशतले यातायात व्यवसाय र १.८८ प्रतिशतले किराना वस्तु खरिद/बिक्री व्यवसाय गरिरहेको पाइएको छ ।

**चार्ट : ४.१**
**व्यवसायको विवरण**




*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ४.४ व्यवसाय स्थापना अवधि

अध्ययनमा समावेश उद्यमी/व्यवसायीमध्ये करिब ८ प्रतिशतको व्यवसाय २० वर्ष बढी पुरानो रहेको छ भने करिब ४२ प्रतिशत व्यवसाय ५ वर्ष भन्दा कम अवधिको रहेको छ । जीवन रक्षा कर्जा उपभोग गर्ने व्यवसायी मध्ये करिब ६ प्रतिशतले व्यवसाय शुरु गरेको २० वर्ष भन्दा बढी भएको छ भने करिब ४४ प्रतिशतको व्यवसाय शुरु गरेको ५ वर्ष भन्दा कम रहेको छ । त्यस्तैगरी जीवन रक्षा कर्जा उपभोग नगर्ने व्यवसायी मध्ये करिब ११ प्रतिशतले व्यवसाय शुरु गरेको २० वर्ष भन्दा बढी भएको छ भने करिब ४० प्रतिशतको व्यवसाय शुरु गरेको ५ वर्ष भन्दा कम रहेको छ ।

**तालिका : ४.३**
**व्यवसाय स्थापना र कर्जा उपभोग सम्बन्धी विवरण**

| व्यवसाय शुरु गरेको समय | कर्जा उपभोग गर्ने | | कर्जा उपभोग नगर्ने | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| २० वर्ष भन्दा बढी | ९ | ५.६३ | १७ | १०.६३ | २६ | ८.१३ |
| १५ देखी २० वर्ष | १४ | ८.७५ | ९ | ५.६३ | २३ | ७.१९ |
| १० देखी १५ वर्ष | २५ | १५.६३ | २७ | १६.८८ | ५२ | १६.२५ |
| ५ देखी १० वर्ष | ४२ | २६.२५ | ४३ | २६.८८ | ८५ | २६.५६ |
| ५ वर्ष भन्दा कम | ७० | ४३.७५ | ६४ | ४०.०० | १३४ | ४१.८८ |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ४.५ अन्य सहुलियतपूर्ण कर्जा उपभोगको अवस्था

कोभिड संक्रमणका कारण शिथिल अर्थतन्त्रलाई पुरानै लयमा फर्काउन तथा कोभिडका कारण समस्यामा परेका जनतालाई राहत दिन संघीय सरकारका अतिरिक्त प्रदेश सरकारहरुले पनि विभिन्न प्रकारका तत्कालिन तथा दिर्घकालीन किसिमका कार्यक्रमहरु सञ्चालन गरेका छन् । यस्ता कार्यक्रमहरुको माध्यमबाट कोभिड प्रभावित उद्योगी/व्यवसायीले उत्पादनका निमीत्त अनुदान तथा थप ऋण पाउनुको साथै व्याजदरमा सहुलियत पनि पाएका छन् । त्यस्तैगरी, बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको सहुलियतपूर्ण कर्जा अन्तरगत व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा नेपाल सरकारले निश्चित प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । स्थलगत सर्वेक्षणमा समावेश ऋणीहरु मध्ये ७.५ प्रतिशतले जीवन रक्षा कर्जाका साथै माथि उल्लेखित अन्य सहुलियतको समेत उपभोग गरेका छन् ।

त्यस्तैगरी, सर्वेक्षणमा समावेश भएका व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने ६५ उद्यमी/व्यवसायी (४०.६ प्रतिशत)ले बैंकबाट अन्य कर्जा समेत उपभोग गरिरहेका छन् ।

**तालिका: ४.४**
**अन्य सहुलियतपूर्ण कर्जाको उपयोग**

| अन्य सहुलियतपूर्ण कर्जाको उपयोग | संख्या | प्रतिशत |
|---|---|---|
| गरेको | १२ | ७.५० |
| नगरेको | १४८ | ९२.५० |
| जम्मा | १६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ४.६ कर्जाको समयावधिको जानकारी

सर्वेक्षणमा समावेश जीवन रक्षा कर्जा उपयोग गर्ने व्यवसायीमध्ये करिब ६६ प्रतिशत व्यवसायीलाई आफूले उपभोग गरिरहेको कर्जाको व्याज २०८१ मंसिर पश्चात प्रदेश सरकारले नतिर्ने कुराको जानकारी रहेको पाइयो ।

**तालिका : ४.५**
**कर्जाको समयावधिको जानकारी**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी भएको | १०६ | ६६.२५ |
| जानकारी नभएको | ५४ | ३३.७५ |
| जम्मा | १६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ४.७ साँवा भुक्तानीमा नियमितताको स्थिति

स्थलगत सर्वेक्षणमा समेटिएका १६० ऋणीहरुमध्ये करिब ९७ प्रतिशतले बैंक तथा वित्तीय संस्थामा बुझाउनु पर्ने किस्ता नियमित रुपमा बुझाउने गरेको देखिएको छ । त्यसैगरी, ३ प्रतिशत व्यवसायीहरुले किस्ता बुझाउन ३ महिनासम्म ढिला गरेको देखिएको छ । स्थलगत सर्वेक्षणमा ३ महिनाभन्दा ढिला किस्ता बुझाउने ऋणी भने कोही भेटिएनन् ।

**तालिका : ४.६**
**बैंक/वित्तीय संस्थामा बुझाउनुपर्ने किस्ताको नियमितता**

| किस्ताको नियमितता | नियमित | एक देखि तीन महिना सम्म ढिला | तीन देखि छ महिनासम्म ढिला | जम्मा |
|---|---|---|---|---|
| संख्या | १५५ | ५ | - | १६० |
| प्रतिशत | ९६.८८ | ३.१३ | - | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ४.८ अन्य विवरण

**कर्जा आवेदन र प्राप्तीको स्थिति**

व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्न कुल ७,५२६ उद्यम/व्यवसायका लागि यस बैंकबाट पूर्व स्विकृति प्रदान गरिएकोमा १,६३८ जना ऋणीले कर्जा प्राप्त गरेका छन् । यसरी जम्मा निवेदक मध्ये २१.७६ प्रतिशत व्यवसायीले यो कर्जा प्राप्त गरेको देखिन्छ । आवेदन दिने व्यवसायीहरुलाई कर्जा प्रवाह नहुनुको प्रमुख कारणहरुमा कार्यविधिमा भएको प्रावधान, परियोजना र आवश्यक कागजात नहुनु, उपयुक्त धितो अभाव तथा अन्य सहुलियतपूर्ण कर्जाको उपभोग लगायत रहेका छन् ।

**तालिका : ४.७**
**व्यवसाय जीवन रक्षा कर्जा प्राप्तीको विवरण**

| विवरण | संख्या |
|---|---|
| आवेदन दिने | ७,५२६ |
| कर्जा प्राप्त गर्ने | १,६३८ |
| कर्जा प्राप्ति प्रतिशत | २१.७६ |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

# परिच्छेद ५: कर्जाको सदुपयोगिता र प्रभावकारिता


यस परिच्छेदमा स्थलगत सर्वेक्षणबाट प्राप्त विवरणको आधारमा व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिता र प्रभावकारिताको विश्लेषण गरिएको छ । यसका लागि सर्वेक्षणमा समावेश उद्यमी/व्यवसायीबाट स्थलगत सर्वेक्षणका क्रममा भरिएका प्रश्नावली तथा बैंक तथा वित्तीय संस्थाहरुबाट इमेल मार्फत् सङ्कलन गरिएको प्रश्नावलीलाई आधार बनाइएको छ ।

## ५.१ व्यवसाय जीवन रक्षा कर्जाको सदुपयोगिताको विश्लेषण

### क) व्यवसाय जीवन रक्षा कार्यक्रमको आवश्यकता

सर्वेक्षणमा संलग्न व्यवसाय जीवन रक्षा कर्जा नलिने ऋणीमध्ये जम्मा पाँच प्रतिशतले मात्र यो कर्जा आवश्यक नभएको बताएका छन् भने बाँकी ९५ प्रतिशतले आवश्यक भएको जवाफ दिएका छन् । यो कर्जा आवश्यक थियो भन्नेहरुले साना व्यवसायलाई जोगाउन र टिकाउन तथा निरन्तरता दिनलाई आवश्यक भएको बताएका छन् भने आवश्यक थिएन भन्नेहरुले विना व्याजको कर्जाको दुरुपयोग भएको र न्यायोचित वितरण नभएको तथा आवश्यक पनि नभएको बताएका छन् ।

**चार्ट : ५.१**
**व्यवसाय जीवन रक्षा कार्यक्रमको आवश्यकता**





*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ख) कर्जाको उपयोगिता

सर्वेक्षणमा संलग्न जीवन रक्षा कर्जा उपभोग गरिरहेका ऋणी उद्यमी/व्यवसायी मध्ये करिब ९२ प्रतिशतले जीवन रक्षा कर्जा निकै उपयोगी भएको, ७.५ ऋणीले सामान्य उपयोगी भएको र ०.६३ प्रतिशत अर्थात् १ जना व्यवसायीले निर्व्याजी भएका कारणले मात्र कर्जा लिएको प्रतिक्रिया व्यक्त गरेका छन् ।

चार्ट : ५.२
व्यवसाय निरन्तरताको लागि कर्जाको उपयोगिता (प्रतिशतमा)




*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ग) कर्जाको प्रयोजन

व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने ऋणीहरुले एक भन्दा वढी प्रयोजनमा कर्जा उपयोग गरेको पाइयो । सबैभन्दा वढी अर्थात् २३.२८ प्रतिशत कर्जा नयाँ स्टक थप्ने कार्यमा प्रयोग भएको छ भने करिब ४७ प्रतिशत रकम मर्मत संहार, कर्मचारीको तलब भुक्तानी, घर भाडा लगायतका चालु खर्च धान्ने कार्यमा उपयोग गरेका छन् । पुरानो कर्जाको साँवा/व्याज तिर्न र साहुको बाँकी वक्यौता तिर्न क्रमशः ८.३३ र ६.३७ प्रतिशत कर्जा उपयोग भएको छ भने नयाँ पूँजीगत संरचना निर्माण गर्न ११.२७ प्रतिशत कर्जा उपयोग भएको छ ।

**तालिका : ५.१**
**कर्जाको प्रयोजन**

| कर्जाको प्रयोजन | ऋणी संख्या* | प्रतिशत |
|---|---|---|
| कर्मचारीको तलब भुक्तानीमा | ५८ | १४.२२ |
| मर्मत सम्भार खर्च व्यहोर्न | ७७ | १८.८७ |
| घर भाडा तिर्न | ५७ | १३.९७ |
| पुरानो कर्जाको साँवा/व्याज तिर्न | ३४ | ८.३३ |
| साहुको बाँकी वक्यौता तिर्न | २६ | ६.३७ |
| नयाँ पूँजीगत संरचना निर्माण गर्न | ४६ | ११.२७ |
| व्यवसायमा नयाँ स्टक थप्न | ९५ | २३.२८ |
| अन्य | १५ | ३.६८ |
| जम्मा | ४०८ | १००.०० |

** ऋणीहरुले एक भन्दा बढी प्रयोजनमा कर्जा प्रयोग गरेकोले ऋणीको संख्या सर्वेक्षणमा समावेश ऋणी संख्याभन्दा बढी देखिएको ।*
*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*


व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गरेका २० बैंक तथा वित्तीय संस्थाबाट प्राप्त विवरण अनुसार सबैभन्दा बढी पूँजीगत खर्च गर्न, मर्मत सम्भार गर्न र कर्मचारीको तलब भुक्तानी प्रयोजनका लागि क्रमशः २८.२१ प्रतिशत, २३.०८ प्रतिशत र २०.५१ प्रतिशत खर्च भएको पाइएको छ। यसैगरी साहुको बाँकी वक्यौता तिर्न, घरभाडा तिर्न र अन्य सापटी तिर्न क्रमशः ७.६९ प्रतिशत, ५.१३ प्रतिशत र ५.१३ प्रतिशत खर्च भएको देखिन्छ।

*यसरी प्रवाह भएका अधिकांश कर्जाहरु तोकिएकै प्रयोजनहरुमा खर्च भएको र यसले प्रत्यक्ष वा परोक्ष रुपमा व्यवसाय टिकाउन मद्दत पुऱ्याएको देखिएको हुँदा यस कर्जा कार्यक्रम सदुपयोग नै भएको देखिन्छ।*

**घ) कर्जाको सदुपयोगिता**

*व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाबाट प्राप्त तथ्याङ्क अनुसार ९५ प्रतिशत ऋणीहरुले कर्जाको सदुपयोग गरेका छन् भने ५ प्रतिशत बैंक तथा वित्तीय संस्थाका ऋणीले कर्जा दुरुपयोग गरेका छन्।* कर्जा दुरुपयोग गर्ने ऋणीहरुले व्यवसाय जीबन रक्षा कर्जा कार्यक्रमको उद्देश्य विपरित तयारी पोशाक, गाडीका पार्ट पुर्जा तथा कस्मेटिक्स सामान आयात गरी बिक्री वितरण गर्ने कार्यमा कर्जा रकम प्रयोग गरेको देखिएको छ। त्यसैगरी यस बैंकबाट भएको स्थलगत निरीक्षणका क्रममा व्यवसाय जीवन रक्षा कर्जा लिएका ऋणीले आफ्नो उद्यम/व्यवसाय बिक्री गरिसकेको अवस्थामा समेत कर्जा चुक्ता नगरेको देखिएको छ।

**चार्ट : ५.३**
**कर्जाको सदुपयोगिता**




*स्रोत : स्थलगत सर्वेक्षण (२०७९)*

व्यवसाय जीवन रक्षा कर्जा प्रवाह उपभोग गर्ने ऋणीहरुका अनुसार ९९ प्रतिशत ऋणीहरुको कर्जा उपयोगिताको निरीक्षण भएको छ भने १ प्रतिशत ऋणीहरुको उपयोगिताको निरीक्षण भएको छैन।

**तालिका : ५.२**
**कर्जा सदुपयोगिताको निरीक्षण**

| निरीक्षणको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निरीक्षण भएको | १५८ | ९८.७५ |
| निरीक्षण नभएको | २ | १.२५ |
| जम्मा | १६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९)।*

- त्यस्तै, व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गर्ने ९५ प्रतिशत बैंक तथा वित्तीय संस्थाले कर्जाको सदुपयोगको निरीक्षण गर्ने गरेका छन् भने ५ प्रतिशतले कर्जाको सदुपयोगको निरीक्षण नगरेको पाइयो।

## ५.२. व्यवसाय जीवन रक्षा कर्जाको प्रभावकारिताको विश्लेषण

### क) मासिक कारोबारको अवस्था

सर्वेक्षणमा संलग्न व्यवसाय जीवन रक्षा कर्जा लिने ऋणी र कर्जा नलिने व्यवसायीको बन्दाबन्दी अगाडि, बन्दाबन्दीको समयमा र सो पछिको अवस्थामा भएको मासिक कारोबार रकमको विश्लेषण गर्दा कर्जा लिने व्यवसायीहरु कम समयमा बन्दाबन्दी अगाडिको कारोबारको अवस्थामा पुगेको देखियो ।

**तालिका : ५.३**
**मासिक कारोबारको अवस्था**

| कारोबारको अवस्था | कर्जा लिने | | कर्जा नलिने | |
|---|---|---|---|---|
| | रकम (रु. लाखमा) | बन्दाबन्दी अगाडि संगको अनुपात | रकम (रु. लाखमा) | बन्दाबन्दी अगाडि संगको अनुपात |
| बन्दाबन्दी अगाडि | ५९८.४४ | १.०० | १,२८६.७० | १.०० |
| बन्दाबन्दीको समयमा | ८८.२२ | ०.१५ | ५२.३८ | ०.०४ |
| सामान्य अवस्था भएपछि | ४९३.९८ | ०.८३ | ७११.३८ | ०.५५ |


*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

कर्जा लिने व्यवसायीहरुको बन्दाबन्दीको समयमा १५ प्रतिशत मात्र कारोबार भएको देखिन्छ भने सामान्य अवस्था भएपछि बन्दाबन्दी अगाडिको तुलनामा ८३ प्रतिशत कारोबार भएको देखिएको छ । कर्जा नलिने व्यवसायीको हकमा भने बन्दाबन्दीको समयमा ४ प्रतिशत मात्र कारोबार भएको देखिन्छ भने सामान्य अवस्था भएपछि बन्दाबन्दी अगाडिको तुलनामा ५५ प्रतिशत कारोबार भएको देखिएको छ । *अतः कारोबारलाई पूर्ववतः अवस्थामा फर्काउन यस कर्जा कार्यक्रम सफल भएको देखिन्छ ।*

### ख) लक्षित वर्गको पहिचान

व्यवसाय जीवन रक्षा कर्जा प्रवाह गरेका २० वटा बैंक तथा वित्तीय संस्थाहरुमध्ये १८ वटा अर्थात ९० प्रतिशत बैंकले शतप्रतिशत कोभिड प्रभावित ऋणीलाई यो कर्जा प्रवाह गरेका छन् भने २ वटा अर्थात १० प्रतिशत बैंकले कम प्रभावित व्यवसायीलाई पनि यो कर्जा प्रवाह गरेका छन् । तसर्थ, यस कर्जा कार्यक्रम धरै हदसम्म वास्तविक ऋणीसम्म पुगेको देखिन्छ ।

**चार्ट : ५.४**
**वास्तविक कोभिड प्रभावित ऋणीको विवरण**





*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### ग) कर्जा नपाएको अवस्थामा व्यवसाय निरन्तरता

सर्वेक्षणमा समावेश करिब ७३ प्रतिशत व्यवसाय जीवन रक्षा उपभोग गर्ने ऋणीले यदि यस्तो कर्जा नपाएको भएपनि व्यवसायलाई निरन्तरता दिन सक्ने बताएका छन् । यसरी अन्य स्रोतबाट समेत व्यवसायलाई निरन्तरता दिन सक्ने उद्यमी/व्यवसायीभन्दा अन्य स्रोत जुटाउन नसक्ने वास्तविक पिडितमा कार्यक्रम लक्षित हुनुपर्नेमा यो कार्यक्रम वास्तविक पिडित तथा लक्षित वर्गसम्म पुग्न नसकेको पनि देखिन्छ । उनीहरुका अनुसार व्यवसाय बन्द भएको अवस्थामा वैदेशिक रोजगारीमा जाने, अन्यत्र रोजगारी खोज्ने, कृषि व्यवसाय गर्ने, व्यवसायको सम्पत्ति बिक्री गर्ने, कुनै नयाँ व्यवसाय सुरु गर्ने तथा बेरोजगार नै रहने विकल्प रहेका छन् ।

**चार्ट : ५.५**
**व्यवसायको निरन्तरताको सम्भावना**





*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

### घ) व्यवसायको निरन्तरताको स्रोत

- स्थलगत सर्वेक्षणमा समेटिएका जीवन रक्षा कर्जा उपभोग गर्ने १६० उद्यमी/व्यवसायीमध्ये ३९ प्रतिशत ऋणीले कर्जा सापटी लिई, ३७.१४ प्रतिशत ऋणीले आफन्त/साथीभाइबाट सापटी लिई, ९.५२ प्रतिशत ऋणीले व्यवसायकै सञ्चित आम्दानीको प्रयोग गरी र ९.०५ प्रतिशत ऋणीले परिवारका अन्य सदस्यको आम्दानी प्रयोग गरी व्यवसाय जीवन रक्षा कर्जा नपाएको अवस्थामा समेत व्यवसायलाई निरन्तरता दिने अवस्था रहेको बताएका छन् ।

**चार्ट : ५.६**
**व्यवसायको निरन्तरताको स्रोत**





*स्रोत : स्थलगत सर्वेक्षण (२०७९) ।*

*व्यवसाय जीवन रक्षा कर्जा नपाएको अवस्थामा व्याज तिर्नुपर्ने प्रकृतिका अन्य कर्जा सापटी लिएर वा आफन्त साथीभाइबाट सापटी लिएर व्यवसायलाई निरन्तरता दिने उद्यमी/व्यवसायीको संख्या अधिक देखिएको अवस्थामा ती व्यवसायीहरुलाई निर्व्याजी किसिमको यस व्यवसाय जीवन रक्षा कर्जा उपयोगी भएको देखिन्छ ।*

- सर्वेक्षणमा समेटिएका जीवन रक्षा कर्जा उपभोग नगर्ने उद्यमीमध्ये सर्वाधिक ४२.५० प्रतिशत व्यवसायीले व्यवसाय सुचारु गर्न सञ्चित आम्दानी प्रयोग गरेका छन् भने २५ प्रतिशतले बैंक तथा वित्तीय संस्था वा सहकारीबाट कर्जाको लिएको देखिएको छ । यसैगरी १६.६७ प्रतिशत व्यवसायीले परिवारका अन्य सदस्यको आम्दानी/बचत प्रयोग गरेका तथा १४.१७ प्रतिशतले व्यक्तिगत सापटी, वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी, जग्गा तथा गर गहना बिक्री लगायतका अन्य स्रोतहरुको प्रयोग गरेर व्यवसाय टिकाएको देखिएको छ । १.६७ प्रतिशत व्यवसायीले व्यवसायको केही सम्पत्ति बिक्री गरेर व्यवसाय सञ्चालन खर्च जुटाएका छन् ।

*यसरी व्यवसाय जीवन रक्षा कर्जा नलिएर पनि उद्यमी/व्यवसायीले विभिन्न स्रोतहरु उपयोग गरी बन्दाबन्दी पश्चात व्यवसाय सञ्चालन गर्न समर्थ भएको देखिएकोले व्यवसाय जीवन रक्षा कर्जा नभएको भएतापनि व्यवसाय सञ्चालन सुचारु हुन सक्ने अवस्था रहेको देखिन्छ ।*

**चार्ट : ५.७**
**व्यवसाय सञ्चालन खर्च जुटाउन प्रयोग भएको स्रोत**




*स्रोत : स्थलगत सर्वेक्षण (२०७९)।*

**ङ) बन्दाबन्दीमा व्यवसाय सञ्चालनको अवस्था**

सर्वेक्षणमा संलग्न कर्जा उपभोग नगर्ने उद्यमी/व्यवसायी मध्ये ७५ प्रतिशतको व्यवसाय बन्दाबन्दीमा पूर्ण बन्द भएको र २५ प्रतिशतको व्यवसाय आंशिक मात्र वा बन्द गर्नु पर्ने अवस्था सृजना नभएको देखिएको छ। यसलाई विश्लेषण गर्दा व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने उद्यमी/व्यवसायीहरु पूर्ण रुपमा व्यवसाय बन्द गनुपर्ने अवस्थाबाट बचेको भन्ने निश्कर्ष निकाल्न सकिन्छ।

**च) बन्दबन्दीमा व्यवसाय सञ्चालन खर्चको अवस्था**

सर्वेक्षणमा समावेश जीवन रक्षा कर्जा उपभोग नगरेका १६० उद्यमी/व्यवसायीमध्ये करिब ८७ प्रतिशत व्यवसायीले बन्दाबन्दीमा व्यवसाय सञ्चालन खर्च जुटाउन धेरै सकस भएको बताएका छन् भने ९ ले सामान्य मात्रै गाह्रो भएको तथा बाँकी ४ प्रतिशतले खासै असर नपरेको बताएका छन्।

**तालिका : ५.४**
**बन्दाबन्दीमा व्यवसाय सञ्चालन खर्च जुटाउन भएको कठिनाई**

| खर्चको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| धेरै अप्ठ्यारो | १३९ | ८६.८८ |
| सामान्य | १५ | ९.३७ |
| अप्ठ्यारो नभएको | ६ | ३.७५ |
| जम्मा | १६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९)।*

*सर्वेक्षणमा समावेश जीवन रक्षा कर्जा उपभोग नगरेका अधिकांश उद्यमी/व्यवसायीहरुलाई सञ्चालन खर्च जुटाउन गाह्रो भएको देखिएकोले जीवन रक्षा कर्जा उपभोग गर्ने व्यवसायीहरुलाई यस कर्जाले व्यवसाय सञ्चालन गर्न मद्दत पुगेको बुझ्न सकिन्छ।*

### छ) कर्जा कार्यक्रमको जानकारीको अवस्था

व्यवसाय जीवन रक्षा कर्जा उपभोग नगर्ने उद्यमी/व्यवसायीहरुमध्ये ६४.३८ प्रतिशत उद्यमी/व्यवसायीले यस कर्जाको बारेमा जानकारी नभएको बताएका छन् भने ३५.६३ प्रतिशतले जानकारी भएको बताएका छन् । जानकारी भएकामध्ये जम्मा ६.२५ प्रतिशतले मात्र त्यस्तो कर्जाका लागि निवेदन दिएका थिए । जानकारी भएर पनि कर्जाका लागि आवेदन नदिनुमा कर्जा प्रवाहमा झन्झटिलो प्रक्रिया, अरुले कर्जा नपाएको देख्दा आफूले पनि पाउँदिन कि भन्ने मानसिकता, धितोको अभाव, अन्य सहुलियतपूर्ण कर्जा लिइसकेका जस्ता कारण रहेका छन् ।

**तालिका : ५.५**
**जनस्तरमा व्यवसाय जीवन रक्षा कर्जाको बारेमा जानकारी**

| जानकारीको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी भएको | ५७ | ३५.६३ |
| जानकारी नभएको | १०३ | ६४.३८ |
| जम्मा | १६० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७९)*

*लक्षित वर्गको ठूलो हिस्सालाई यस कार्यक्रमको बारेमा जानकारी नभएको देखिएकोले कार्यक्रमको प्रचार प्रसार थप प्रभावकारी गराउन सकिने अवस्था रहेको देखिन्छ ।*

# परिच्छेद ६: निष्कर्ष तथा सुझाव

## ६.१. निष्कर्ष

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको व्यवसायिक जीवन रक्षा कर्जा कार्यक्रमको सदुपयोगिता तथा प्रभावकारिताको मापन गर्न गरिएको यस अध्ययनको नतिजा मिश्रित किसिमको देखिएको छ ।

यस कार्यक्रम अन्तरगत प्रवाह भएका अधिकांश कर्जाहरु कर्जा कार्यक्रमको मर्म अनुसारकै क्षेत्रहरुमा खर्च भएको देखिएको छ जसले प्रत्यक्ष वा परोक्ष रुपमा व्यवसाय टिकाउन मद्दत पुऱ्याएको देखिएको छ । अर्थतन्त्रका सम्पूर्ण क्षेत्रहरु प्रभावित भएको समयमा प्रदेश सरकारले उपलब्ध गराएको यस किसिमको निर्व्याजी कर्जा धेरै व्यवसायीहरुलाई उपयोगी साबित भएको देखिएको छ । सर्वेक्षणमा संलग्न व्यवसाय जीवन रक्षा कर्जा लिने ऋणी र कर्जा नलिने व्यवसायीको बन्दाबन्दी अगाडि, बन्दाबन्दीको समयमा र सो पछिको अवस्थामा भएको मासिक कारोबार रकमको विश्लेषण गर्दा कर्जा लिने व्यवसायीहरु कम समयमा नै बन्दाबन्दी अगाडिको कारोबारको अवस्थामा पुगेको देखियो । सर्वेक्षणका क्रममा केही व्यवसायीहरुले व्यवसाय निरन्तरताको लागि आवश्यक रकमको अन्य स्रोतको अभावमा व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुगेको जानकारी गराएबाट यस कर्जा उपभोग गर्ने व्यवसायीहरु सो अवस्थाबाट बचेको देखिन्छ । यस अर्थमा यस कार्यक्रम प्रभावकारी भएको निश्कर्ष निकाल्न सकिन्छ । यद्यपी, केही व्यवसायीहरुले यस कर्जा बिना नै आफ्नो व्यवसाय पूर्ववतः अवस्थामा फर्काउन सफल भएको देखिएको र यस कर्जाका अलावा अन्य स्रोतहरुबाट पनि व्यवसाय निरन्तरता प्रदान गर्न रकम जुटाउन सक्ने अवस्था देखिएकोले यस कार्यक्रम वास्तविक पिडित तथा लक्षित वर्गसम्म नपुगेको पनि निश्कर्ष निकाल्न सकिन्छ ।

## ६.२. सुझाव

- यस कार्यक्रम अन्तरगत प्रवाह भएका कर्जाहरु मध्ये ४४.५ प्रतिशत कर्जाहरु कास्की जिल्लामा मात्र प्रवाह भएको देखिएको तथा जम्मा २६.२५ प्रतिशत मात्र महिला ऋणीहरु देखिएकोले यस किसिमका सुविधाहरुमा समतापूर्ण भौगोलिक तथा लैङ्गिक वितरण हुने अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ ।

- राज्यका विभिन्न तहबाट प्रदान हुने विभिन्न किसिमका सहुलियतपूर्ण कर्जा तथा सुविधाहरुमा दोहोरोपना भएको देखिन्छ । अन्य विभिन्न किसिमका सहुलियतपूर्ण कर्जा उपभोग गरेका केही ऋणीहरुले व्यवसाय जीवन रक्षा कर्जा समेत उपभोग गरेको देखिएको सन्दर्भमा यस किसिमको दोहोरोपन हुन नदिन सजग हुनुपर्ने देखिन्छ ।

- प्रदेश सरकारको सिमित स्रोतमध्येबाट कल्याणकारी उद्देश्यका साथ उपलब्ध गराइएको यस व्यवसाय जीवन रक्षा कर्जा उपयोग गरिरहेका अधिकांश व्यवसायी यो कर्जा नपाएको भएपनि व्यवसायलाई निरन्तरता दिन सक्ने अवस्थामा रहेको देखिएको कारण यस कार्यक्रम पनि पूर्णरुपमा लक्षित वर्गमा पुगेको देखिएको छैन । तसर्थ, राज्यको स्रोत प्रयोग हुने यस किसिमका सुविधा कार्यक्रम सञ्चालन गर्नुअघि कार्यक्रमका लक्षित वर्ग तथा समुदायको पहिचान गर्न जरुरी देखिन्छ ।

- सर्वेक्षणमा सहभागी व्यवसाय जीवन रक्षा कर्जा उपभोग नगर्ने उद्यमी/व्यवसायीहरुमध्ये ६४.३८ प्रतिशतले यस कर्जाको बारेमा जानकारी नभएको बताएको देखिएकोले यस्ता कार्यक्रमहरु धेरै भन्दा धेरै लक्षित वर्ग समक्ष पुऱ्याउन राज्यका विभिन्न संयन्त्रहरुको समन्वयात्मक अपनत्व सहित सार्थक प्रचार प्रसारमा जोड दिनुपर्ने देखिन्छ ।

- व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधिको मर्म अनुरुप कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाहरुले व्यवसायीहरुको कर्जा सदुपयोगिताको निरीक्षण गरेको देखिएतापनि प्रदेश सरकारका निकायबाट समेत सदुपयोगिता निरीक्षण हुन आवश्यक देखिन्छ । साथै, कार्यविधिले परिकल्पना गरेको निर्देशन समितिको समेत नियमित बैठक बस्ने तथा कार्यक्रमको अनुगमन गर्ने र प्रगति विवरणको समीक्षा गर्ने जस्ता कार्य हुन जरुरी देखिन्छ ।

- कतिपय अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुले नयाँ ऋणीहरुको पहिचान गर्नुको सट्टा अन्य कर्जा उपभोग गरिरहेका पुरानै ऋणीहरुलाई यस कर्जा कार्यक्रममा आबद्द गराएको पाइएको छ । तसर्थ, बैंक तथा वित्तीय संस्थाहरुले यस कर्जा कार्यक्रमको मर्म अनुरुप नयाँ र वास्तविक पिडितहरुलाई कर्जा प्रवाह गरे नगरेको सम्बन्धमा समेत आवधिक रुपमा निरीक्षण तथा अनुगमन हुन जरुरी देखिन्छ ।

# सन्दर्भ सूची (References)


Abdelateif. H. Ibrahim and Sayed Ali. Fadul Elmola Zareba.(2014) Determinants of Loan Utilization and Repayment Behaviour among Small Farmers in North Kordofan of Sudan. *Journal of agriculture science*, 4(9), 533-648.

Bertoni, F., Martí, J., & Reverte, C. (2011). The impact of government-supported participative loans on the growth of entrepreneurial ventures. *Research Policy*, 40(7), 1056-1066.

Honda, T., Hosono, K., Miyakawa, D., Ono, A., & Uesugi, I. (2023). Determinants and effects of the use of COVID-19 business support programs in Japan. *Journal of the Japanese and International Economies*, 67, 101239.

Horvath, A., & Lang, P. (2021). Do loan subsidies boost the real activity of small firms? *Journal of Banking & Finance*, 122, 105988.

International Monetary Fund. (n.d.). Policy responses to COVID-19. Retrieved from https://www.imf.org/en/Topics/imf-and-covid19/Policy-Responses-to-COVID-19#U

Ministry of Finance. *Economic Survey* (2022). Government of Nepal.

NRB (Nepal Rastra Bank). (2014). Agricultural Credit And Its Impact On Farm Productivity: A Case Study Of Kailali District, NRB, Dhangadhi Office, November.

NRB Pokhara. (2022). Economic Activity Study Report (Annual).

SAARC FINANCE Cell Research Department, Bangladesh Bank. (2021). *COVID-19 Pandemic: Policy Responses and its Impact on the SAARC Countries.*

Shrestha, P. K. (2020). Impact of Covid-19 on Microfinance Institutions of Nepal (NRB Working Paper No. 51)

Uprety, A (2022). Analyzing the effectiveness of subsidy loan programs to boost agricultural productivity. A study conducted as a part of the Daayitwa Nepal Public Policy Fellowship.

*कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी दोस्रो पुनरावृत्ति (follow-up) सर्वेक्षण प्रतिवेदन*, नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग जेठ, २०७८ ।

*गण्डकी प्रदेशमा कृषि कर्जाको उपयोग र प्रभावकारिता* (२०७९), नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय ।

प्रदेश नीति तथा योजना आयोग (२०७७) । प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), गण्डकी प्रदेश) ।

*व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि*, २०७७ ।

पोखरेल शर्मा, तारा, *कोभिड-१९ को असर न्युनीकरणमा प्रदेश सरकारका कार्यक्रम*, मिर्मिरे ३५७ औं अंक नेपाल राष्ट्र बैंक, २०७९, पेज नं. १००-१०८ ।

## अनुसूची १: व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने उद्यमीका लागि प्रश्नावली

## गण्डकी प्रदेश सरकारको व्यवसाय जीवन रक्षा कर्जाको प्रभावकारिता

व्यवसाय जीवन रक्षा कर्जा उपभोग गर्ने उद्यमी/व्यवसायीका लागि प्रश्नावली

यस प्रश्नावलीमा सोधिएका विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहने छन् । संकलित विवरणहरु सामुहिक रुपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

प्रश्नावली भराउने कर्मचारीको नाम : ............................ मिति.................................

अन्तरवार्ता समयावधी : ........................................... दस्तखतः ............................

**वैयक्तिक विवरणः**

**उत्तरदाता उद्यमी/व्यवसायीको नाम** : ..........................................................................

**व्यवसाय रहेको स्थान** :..............................................................................................

**उद्यम/व्यवसायको नाम** :..........................................................................................

**व्यवसायको मुख्य कार्य** :...............................................................................................

**मोबाइल नम्बर** :........................................................................................................

**लिङ्ग** :.१. महिला २. पुरुष ३. अन्य

**शैक्षिक योग्यता** :.........१. स्नातक वा सो भन्दा बढी २. उच्च माध्यमिक शिक्षा ३. माध्यमिक शिक्षा ४. औपचारिक शिक्षा नलिएको

---

**१. व्यवसाय कहिले देखि सञ्चालनमा छ ? (साल उल्लेख गर्नुहोस्)**

...............................................

**२. व्यवसायको प्रकृति ? (दर्ता भएको आधारमा)**

क) किराना, वस्तु खरिद/बिक्री

ख) पर्यटन व्यवसाय

ग) कृषि तथा पशुपालन

घ) होटल व्यवसाय

ङ) यातायात व्यवसाय

च) सेवामुलक व्यवसाय (वर्कसप, ब्युटीपार्लर/हेयर कटिङ्ग व्यवसाय, छापाखाना तथा छपाई सम्बन्धी सेवा, सिलाई बुनाई, ड्राईक्लिनिङ व्यवसाय, व्यायामशाला (जीमखाना), निजी विद्यालय, सञ्चार गृह, निर्माण व्यवसाय, शैक्षिक सामाग्री )

**३. व्यवसाय जीवन रक्षा कर्जा कहिले लिनु भयो साल र महिना उल्लेख गर्नुहोस् ?**

.................. साल................. महिना

**४. आफ्नो मागअनुसार व्यवसाय जीवन रक्षा कर्जा प्राप्तिको स्थितिः**

अ) कर्जाको माग कति थियो ? रु ......................

आ) कति प्राप्त भयो । रु........................

**माग अनुसार कर्जा प्राप्त नगरेको भएमा**

इ) मागे जति नपाउनुको कारण के थियो ?

..........................................................................................................

**५. व्यवसाय जीवन रक्षा कर्जाको वर्तमान अवस्था**

| **कर्जा सीमा** | **कर्जाको अवधि** | **बक्यौता रकम रु.** | **किस्ता भुक्तानी विधि (मासिक/त्रैमासिक)** |
|---|---|---|---|
| | | | |

**६. व्यवसाय जीवन रक्षा कर्जा कुन प्रयोजनमा उपयोग गर्नु भएको छ ? (एक भन्दा बढी उत्तर हुन सक्ने)**

क) कर्मचारीको तलब भुक्तनीमा

ख) मर्मत सम्भार खर्च व्यहोर्न

ग) घर भाडा तिर्न

घ) पुरानो कर्जाको साँवा/व्याज तिर्न

ङ) साहुको बाँकी वक्यौता तिर्न

च) नयाँ पूँजीगत संरचना निर्माण गर्न

च) व्यवसायमा नयाँ stock थप्न

छ) अन्य (उल्लेख गर्ने)..........................................................

**७.व्यवसायको निम्न अवस्थामा बिक्रीको अवस्था कस्तो रहेको छ ?**

| **अवस्था** | **औसत मासिक कारोबार** | **औसत वार्षिक कारोबार** |
|---|---|---|
| बन्दाबन्दी अगाडी | | |
| बन्दाबन्दीको समयमा | | |
| सामान्य अवस्था भएपछि | | |

**८. व्यवसाय निरन्तरताको लागि व्यवसाय जीवन रक्षा कर्जा कत्तिको उपयोगी भयो ?**

क) एकदमै उपयोगी

ख) सामान्य उपयोगी

ग) न्यून उपयोगी

घ) निर्व्याजी भएर लिएको

**९. व्यवसाय जीवन रक्षा कर्जा नपाएको भए व्यवसाय बन्द गर्नुहुन्थ्यो कि निरन्तरता दिनुहुन्थ्यो ?**

क) बन्द गर्थे ।

ख) निरन्तरता दिन्थे ।

**९.१. यदि व्यवसाय बन्द भएको भए के गर्नुहुन्थ्यो ?**

..............................................................................................................

**९.२. यदि व्यवसाय निरन्तर भएको भए थप रकम जुटाएर मात्र निरन्तर हुन्थ्यो कि थप रकम आवश्यक पर्दैनथ्यो ?**

क) थप रकम जुटाएर मात्र निरन्तर हुन्थ्यो　　　　ख) थप रकम आवश्यक पर्दैनथ्यो

**१०.यो थप रकम कुन स्रोतबाट जुटाउनु हुन्थ्यो ?**

क) व्यवसायकै सञ्चित आम्दानी　　　　ख) आफन्त/साथीभाइबाट सापटी

ग) परिवारका अन्य सदस्यको आम्दानीबाट　　　　घ) अन्य कर्जा सापटी

ङ) व्यवसायको सम्पत्ति बिक्री

च) अन्य स्रोत (स्रोत खुलाउने).............................................

**११.व्यवसाय जीवन रक्षा कर्जा बाहेक अन्य कर्जा लिनुभयो ?**

क) लिएको छु । (व्यवसयिक/व्यक्तिगत)　　　　ख) लिएको छैन

१२. **व्यवसाय जीवन रक्षा कर्जा बाहेक अन्य सहुलियतपूर्ण कर्जा लिनुभएको छ ?**

क) लिएको छु ।　　　　ख) लिएको छैन ।

**लिएको भए**

**अ) कुन शिर्षकमा** ....................................

**आ) कति रकम** ........................................

**१३. बैंक वित्तीय संस्थामा बुझाउनु पर्ने साँवा नियमित बुझाउने गर्नु भएको छ/छैन ?**

क) नियमित छ ।　　　　ख) तीन महिना सम्म ढिला हुन्छ ।

ग) तीन महिनादेखि ६ महिनासम्म ढिलो हुन्छ

**१४.किस्ता नियमित नभएको बेलामा बैंकमा साँवामात्र तिर्नुभयो कि व्याज पनि तिर्नुभयो ?**

क) साँवा मात्र तिरेको　　　　ख) साँवा र व्याज दुवै तिरेको

**१५. साँवाको किस्ता नियमित नभएमा सरकारबाट व्याज शोधभर्ना पाईदैन भनेर जानकारी भए नभएको**

क) जानकारी भएको　　　　ख) जानकारी नभएको

**१५.१ अहिलेसम्म कतिपटक किस्ता नियमित नभएको**

.....................................................

**१५.२ अहिलेसम्म कतिपटक साँवा बाहेक व्याज पनि तिर्नुभयो ?**

...............................................

**१६. कर्जा लिएको तीन वर्ष वा २०८१ मंसिर पश्चात् यो कर्जाको व्याज आफैंले तिर्नु पर्ने बारेमा जानकारी भए नभएको**

क) जानकारी भएको 　　　　　　　　　　　　ख) जानकारी नभएको

**१७. व्यवसाय जीवन रक्षा कर्जा लिए पश्चात् बैंकबाट कर्जाको उपयोगिताको निरीक्षण गर्न आए/नआएको ?**

क) आएको 　　　　　　　　　　　　ख) नआएको

**आएको भए कति पटक**.........................

**** धन्यवाद ****

## अनुसूची २: गण्डकी प्रदेश सरकारको व्यवसाय जीवन रक्षा कर्जाको प्रभावकारिता

व्यवसाय जीवन रक्षा कर्जा उपभोग नगर्ने उद्यमी/व्यवसायीका लागि प्रश्नावली

यस प्रश्नावलीमा सोधिएका विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् । संकलित विवरणहरु सामुहिक रुपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

| | |
|---|---|
| प्रश्नावली भराउने कर्मचारीको नाम : ............................ | मिति.................................. |
| अन्तरवार्ता समयावधी : .......................................... | दस्तखत: ............................ |

**वैयक्तिक विवरण:**

**उत्तरदाता उद्यमी/व्यवसायीको नाम** : ......................................................................

**व्यवसाय रहेको स्थान :**.......................................................................................

**उद्यम/व्यवसायको नाम :**.......................................................................................

**व्यवसायको मुख्य काम :**.....................................................................................

**मोबाइल नम्बर :**..................................................................................................

**लिङ्ग : १.महिला २.पुरुष ३.अन्य**

**शैक्षिक योग्यता** :..........१.स्नातकोत्तर २.स्नातक ३.उच्च माध्यमिक शिक्षा ४.माध्यमिक शिक्षा ५.औपचारिक शिक्षा नलिएको

---

**१. व्यवसाय कहिले देखि सञ्चालनमा छ ? (साल उल्लेख गर्नुहोस्)**

...............................................

**२. व्यवसाको लागि कुनै बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनु भएको छ ?**

क) लिएको छु　　　　ख) लिएको छैन

**३. (अ) व्यवसायलाई प्रवर्द्धन गर्नको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्रदान गरिएका अन्य कुनै आर्थिक सुविधाहरु/अनुदान पाउनुभयो ?**

क) पाएको छु　　　　ख) पाएको छैन

**(आ) यदि, आर्थिक सुविधा पाउनुभएको भए कस्तो खालको तथा कति रकम सुविधा पाउनुभयो ?**

सुविधाको नाम/किसिम : .....................................　　　　रकम रु.: ..............................

**४. व्यवसाय जीवन रक्षा कर्जा बारेमा जानकारी भए/नभएको ?**

क) जानकारी भएको　　　　ख) जानकारी नभएको

**५. व्यवसाय जीवन रक्षा कर्जाको लागि आवेदन दिनु भयो कि भएन ?**

क) निवेदन दिएको　　　　ख) निवेदन नदिएको　　　　ग) निवेदन दिएको तर कर्जा नपाएको

**अ) निवेदन नदिएको भएमा**

क) निवेदन नदिनुको कारण ......................................................................

**आ) निवेदन दिएको तर कर्जा नपाएको**

ख) कर्जा नपाउनुको कारण ...............................................................

**६. बन्दाबन्दीको समयमा व्यवसाय सञ्चालन खर्च जुटाउन कत्तिको अप्ठ्यारो भयो ?**

क) धेरै ख) सामान्य ग) अप्ठ्यारो भएन

**७. कोभिडको कारण व्यवसाय पूर्ण रुपमा बन्द गर्नुपर्ने अवस्था आए/नआएको ?**

क) आएको ख) नआएको

**८. व्यवसाय किन बन्द गर्नु पर्‍यो ?**

क) पैसा नभएर ख) उत्पादित सामान बिक्रि नभएर ग) काम गर्ने मान्छे नभएर

**९. व्यवसाय पूर्ण रुपमा बन्द भएपछि के गुर्नभयो वा हाल के गर्दै हुनुहुन्छ ?**

.................................................................................................

**१०. बन्द भएको व्यवसाय के थियो ? (व्यवसायको काम र प्रकृति)**

.................................................................................................

**११. कोभिडको समयमा र सो पश्चात व्यवसाय सञ्चालन खर्च जुटाउन कुन स्रोतको प्रयोग गर्नु भयो ?**

क) व्यवसायकै सञ्चित आम्दानी ख) बैंक तथा वित्तिय संस्था वा सहकारीबाट अन्य कर्जा

ग) व्यवसायको सम्पत्तिको बिक्री घ) अन्य स्रोत.............................. (स्रोत खुलाउने)

ङ) परिवारका अन्य सदस्यको आम्दानी/बचत

**१२.व्यवसायको निम्न अवस्थामा बिक्रीको अवस्था कस्तो रहेको छ ?**

| अवस्था | औसत मासिक कारोबार |
|---|---|
| बन्दाबन्दी अगाडी | |
| बन्दाबन्दीको समयमा | |
| सामान्य अवस्था भएपछि | |

**१३.गण्डकी प्रदेश सरकारले व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम ल्याउन आवश्यक थियो वा थिएन ?**

क) आवश्यक थियो । किन ..............................................

ख) आवश्यक थिएन । किन ................................................

**१४.कोभिडको कारण व्यवसाय बन्द गर्ने व्यक्ति बारे जानाकारी छ ?**

*कतिजना :................................................ बन्द भएको व्यवसायको प्रकृति*

**** धन्यवाद ****

## अनुसूची ३: गण्डकी प्रदेश सरकारको व्यवसाय जीवन रक्षा कर्जाको प्रभावकारीता

बैंक तथा वित्तीय संस्थाका कर्जा विभाग/ईकाइमा कार्यरत कर्मचारीका लागि प्रश्नावली

यस प्रश्नावलीमा सोधिएका विवरण तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् । संकलित विवरणहरु सामुहिक रुपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

प्रश्नावली भराउने कर्मचारीको नाम : ............................ मिति..................................

अन्तरवार्ता समयावधी : ........................................... दस्तखतः ...........................

**उत्तरदाता बैंक तथा वित्तीय संस्थाको नाम :** ........ ...................................................................

**बैंक तथा वित्तीय संस्था रहेको स्थान (जिल्ला समेत) :** .............................................................

**कार्यालय प्रमुखको नाम :** ..................................................................................................

**सम्पर्क नम्बर :**..................................................................................................................

**ईमेल :** ..........................................................................................................................

**१. व्यवसाय जीवन रक्षा कर्जाको लागि आवेदन दिनेको संख्या कति थियो ?**

..............................

**२. आवेदन दिने मध्ये कतिलाई कर्जा दिनुभयो ?**

................................

**३. आवेदन दिएका मध्ये कर्जा प्रवाह नगर्नुको प्रमुख कारण के थियो ?**

.......................................................................................

**४.बैंकबाट पहिले अन्य कुनै कर्जा प्रयोग गरिरहेका कति ऋणीलाई व्यवसाय जीवन रक्षा कर्जा प्रवाह प्रवाह भएको छ ?**

................................................................................

**५.सहुलियतपूर्ण कर्जा लिएका कति ऋणीलाई व्यवसाय जीवन रक्षा कर्जा प्रदान गर्नु भएको छ कि छैन ?**

.......................................................................................................................

**६.व्यवसाय जीवन रक्षा कर्जा दिई सोही रकमबाट बैंकको पुरानो कर्जा असुल गर्नु भयो/भएन ?**

क) भयो

ख) भएन

**७.व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम आवश्यक थियो/थिएन ?**

**थियो (किन)** .......................................................................................

**थिएन (किन)** .......................................................................................

**८.त्यस संस्थाबाट कर्जा लिएका कति प्रतिशत वास्तविक कोभिड प्रभावित व्यवसायी होलान् ?**

क) १० प्रतिशत ख) २० प्रतिशत ग) ४० प्रतिशत घ) ६० प्रतिशत

ङ) ८० प्रतिशत च) १०० प्रतिशत

**९.त्यस संस्थाबाट प्रवाह भएको अधिकांश जीवन रक्षा कर्जा कुन प्रयोजनमा प्रयोग भयो ?**

क) कर्मचारीको तलब भुक्तनीमा ख) मर्मत सम्भार खर्च व्यहोर्न

ग) घर भाडा तिर्न घ) अन्य सर सापटी तिर्न

ङ) साहुको बाँकी वक्यौता तिर्न च) पूँजीगत खर्च गर्न

छ) अन्य (उल्लेख गर्ने)...........................................................

**१०.त्यस संस्थाबाट यो कर्जा लिएका ऋणीले कर्जा दुरुपयोग गरेको जानकारी छ ?**

क) छ (कति जना ऋणी) ख) छैन

**११.व्यवसाय जीवन रक्षा कर्जा प्रवाह पश्चात सो कर्जाको सदुपयोगिताको निरीक्षण गर्ने गर्नु भएको छ ?**

क) छ ख) छैन

छ भने वार्षिक कति पटक ..............................

**१२.यो कर्जा लिएका कति ऋणीलाई किस्ता अनियमित भएर सामान्य कर्जामा रुपान्तरण गर्नुभयो ?**

..........................

**१३. यो कर्जा लिएका कति प्रतिशत ऋणीको किस्ता अनियमित भयो ?**

..........................

**१४. यो कर्जा लिएका कति ऋणीलाई व्याज तिराउनु भयो ?**

| ऋणीको संख्या | ऋणीसँग व्याज असुल गरेको पटक | किस्ता अनियमितताको प्रमुख कारण |
|---|---|---|
| | | |
| | | |

**१५.कतिजना ऋणीको एक भन्दा बढी पटक किस्ता अनियमित भई व्याज असुली गरिएको छ ?**

| ऋणीको संख्या | ऋणीसँग व्याज असुल गरेको पटक | किस्ता अनियमितताको प्रमुख कारण |
|---|---|---|
| | | |

**१६.अन्य साना कर्जाको तुलनामा यस कर्जाको असुली कस्तो रहेको छ ?**

क) राम्रो  ख) नराम्रो  ग) उस्तै

**** धन्यवाद ****